# महिला सशक्तिकरणमा महिला समूहहरूको भूमिका

(धरान - ६, पानवारी स्थित अन्नपूर्ण महिला समूहको एक अध्ययन)

त्रिभुवन विश्वविद्यालय अन्तर्गत समाजशास्त्र विषयको स्नातकोत्तर तहको

आंशिक आवश्यकता परिपूर्तिको लागि समाजशास्त्र

केन्द्रीय विभागमा प्रस्तुत गरिएको

शोधपत्र

प्रस्तुतकर्ता

सविना वस्नेत

रोल न : १३

त्रि.वि. दर्ता न : ६-१-७-८२२-२००४

समाजशास्त्र केन्द्रीय विभाग

त्रिभुवन विश्वविद्यालय

कीर्तिपुर, काठमाण्डौं

२०७८ माघ

त्रिभुवन विश्वविद्यालय

मानविकी तथा सामाजिक शास्त्र संकाय

समाजशास्त्र केन्द्रीय विभाग

विश्वविद्यालय क्याम्पस

# सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालयद्धारा निर्धारित पाठ्यक्रम अनुसार स्नातकोत्तर तहको आंशिक आवश्यकता पूरा गर्नको निमित्त मेरो निर्देशनमा सविना वस्नेतले **महिला सशक्तिकरणमा महिला समूहहरूको भूमिका (धरान - ६, पानवारी स्थित अन्नपूर्ण महिला समूहको एक अध्ययन** ) शीर्षकको शोध पत्र तयार गरेको प्रमाणित गर्दै उक्त शोधपत्रको अन्तिम मूल्याङ्कका लागि शोधपत्र मूल्याङ्कन समिति समक्ष सिफारिस गर्दछु।

मिति : २०७८

..................................

उप.प्रा. प्रेम चलाउने

(शोध निर्देशक)

विश्वविद्यालय क्याम्पस

कीर्तिपुर, काठमाण्डौ

त्रिभुवन विश्वविद्यालय

मानविकी तथा सामाजिक शास्त्र संकाय

समाजशास्त्र केन्द्रिय विभाग

विश्वविद्यालय क्याम्पस

# स्वीकृत पत्र

त्रिभुवन विश्वविद्यालयद्धारा निर्धारित पाठ्यक्रम अनुसार स्नातकोत्तर तहको आंशिक आवश्यकता पूरा गर्नको लागि मानविकि संकाय अन्तर्गत समाजशास्त्र केन्द्रिय विभागको छात्रा सविना वस्नेतद्धारा गरिएको **महिला सशक्तिकरणमा महिलाहरूको भूमिका (धरान - ६, पानवारी स्थित अन्नपूर्ण महिला समूहको एक अध्ययन**) विषयक उपाधि प्राप्तिका लागि उपयुक्त भएकोले मूल्याङ्कन समितिद्धारा स्वीकृति प्रदान गरिएको छ ।

शोधपत्र मूल्याङ्कन समिति

विभागीय प्रमुख

सह प्रा.डा. युवराज लुइटेल ....................................

शोध निर्देशक

उप.प्रा. प्रेम चलाउने ......................................

बाह्य निरीक्षक

केशवराज सिलवाल ........................................

मितिः २०७८

# कृतज्ञता ज्ञापन

त्रिभुवन विश्वविद्यालयद्धारा निर्धारित पाठ्यक्रम अनुसार स्नातकोत्तर तहको आंशिक आवश्यकता पूरा गर्नको लागि **महिला सशक्तिकरणमा महिलाहरुको भूमिका (धरान - ६, पानवारी स्थित अन्नपूर्ण महिला समूहको एक अध्ययन**) शीर्षकमा यो शोधपत्र तयार पारेकी छु ।

प्रस्तुत शोधपत्र तयार गर्ने क्रममा आफ्नो अमूल्य सल्लाह र सुझाव दिई आवश्यक सहयोग गर्नुहुने श्रद्धेय शोधनिर्देशक गुरु उप.प्रा. प्रेम चलाउने प्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु ।

यस अध्ययनको क्रममा आफ्नो अमूल्य समय दिएर शोधकार्यलाई सफल बनाउन सहयोग गर्नहुने धरान उपमहानगरपालिका वडा नं ६ का अन्नपूर्ण महिला समुहको सम्पूर्ण महानुभावहरुलाई हृदय देखि नै हार्दिक ज्ञापन गर्दछु ।

यो शोधपत्र तयार गर्नको लागि अमूल्य समय, सल्लाह, सुझाव दिई सहयोग गर्नु भएका गुरु प्रति कृतज्ञता ज्ञापन गर्दछु । त्यसै गरी यो शोध पत्र तयार पार्न आफ्नो अमूल्य समयका साथ पनि मलाई हरपल सहयोग र गल्तीहरु सच्याइदिनु हुने श्रीमान दिनेश खत्री ज्यू र कम्प्युटर टाइपगरी सहयोग गरिदिनुहुने युनिभर्सिटी कम्प्युटर सर्भिस प्रति आभार तथा कृतज्ञता प्रकट गर्दछु ।

सविना वस्नेत

मिति २०७८

# विषय सूची


| | पेज नं |
|---|---|
| सिफारिस पत्र | |
| स्वीकृत पत्र | |
| कृतज्ञता पत्र | |
| विषय सूची | |
| तालिका सूची | |
| चित्र सूची | |
| **अध्ययन - एक** | |
| **परिचय** | **१-५** |
| १.१ अध्ययनको पृष्ठभूमि | १ |
| १.२ समस्याको कथन | ३ |
| १.३ अनुसन्धानात्मक प्रश्नहरु | ४ |
| १.३ अनुसन्धानको उद्देश्य | ४ |
| १.४ अध्ययनको महत्व | ४ |
| १.५ अध्ययनको सांगठनिक | ५ |
| **अध्यय - दुई** | |
| **साहित्यको पुनरावलोकन** | **५-१५** |
| २.१ सैद्धान्तिक दृष्टिकोण | ६ |
| २.१.१ महिलावादी सिद्धान्त | ९ |
| २.१.२ आमूल महिलावाद | १० |
| २.१.३ मार्क्सवादी महिलावाद | १० |
| २.१.४ समाजवादी महिलावाद | १० |
| २.१.५ अध्ययनको गोपनियता | १४ |

**अध्याय - तीन**

**अध्ययन विधि** **१६-१८**

३.१ अध्ययन क्षेत्र छनोटको औचित्य १६

३.२ अनुसन्धानको ढाँचा १६

३.३ तथ्याङ्कको प्रकृति र स्रोत १६

३.४ नमुना छनौट विधि १७

३.५ तथ्याङ्क संकलन विधि १७

(क) अन्तर्वार्ता अनुसूची १७

(ख) समूहगत छलफल १८

३.६ अनुसन्धानको सीमा १८

**अध्याय - चार**

**अध्ययन क्षेत्रको परिचय** **१९-२८**

४.१ अध्ययन क्षेत्रको भौतिक तथा सांस्कृतिक पक्ष १९

४.२ उत्तरदाताहरुको जनसांख्यिकीय जानकारीहरु २०

४.२.१ उत्तरदाताहरुको जातीय विवरण २०

४.२.२ उत्तरदाताहरुको पारिवारिक आकार २१

४.२.३ उत्तरदाताहरुको उमेरगत समुह २२

४.२.४ उत्तरदाताहरुको शौक्षिक स्थिति २३

४.२.५ उत्तरदाताहरुको मुख्य पेशा २५

४.२.६ उत्तरदाताहरुको परिवारको वार्षिक आम्दानी २६

४.२.७ उत्तरदाताहरुको परिवारमा भु-स्वामित्वको स्थिति २७

४.२.८ उत्तरदाताहरुको धर्म सम्बन्धी विवरण २८

**अध्यय - पाँच**

**महिला समुहको स्थापनाका कारणहरु र यसको प्रभाव** **२९-३६**

५.१ महिला सशक्तिकरणको लागि महिला समुहको महत्व २९

५.२ महिला समुहको स्थापनापछि महिला संगठित र एकतामा समुहको भुमिका ३०

५.३ स्थानिय महिलाहरुको आर्थिक सुधारमा पारेको प्रभाव ३१

५.४ मासिक बचत रकमको सदुपयोग ३२

५.५ आम्दानीलाई खर्च गरी बचत रहने नरहने अवस्था ३३

५.६ महिला समुहप्रति महिलाहरुका परिवारका सदस्यहरुको प्रतिक्रिया ३४

५.७ स्थानिय महिलाहरुको शैक्षिक विकासमा परेको प्रभाव ३५

**अध्याय - छ**

**महिला सशक्तिकरणमा महिला समुहका गतिविधिहरुले पारेको प्रभाव** **३७-४६**

६.१ महिला समुहका गतिविधिहरुले समाजमा ल्याएका सुधार कार्यहरु ३७

६.२ महिला समुहको सामाजिक निर्माण कार्यमा संलग्नता ३८

६.३ महिला समुहका गतिविधिहरुले महिला सशक्तिकरणमा पारेको प्रभाव ३९

६.४ घरयासी र पारिवारिक तथा सामाजिक निर्णय सम्बन्धि महिला समुहको भूमिका ४१

६.५ महिला समुहका गतिविधिहरुप्रति समाजको दृष्टिकोण ४३

६.६ महिला समुहमा लागेपछि उत्तरदाताहरुले अनुभुति गरेका स्तर परिवर्तन ४४

६.७ महिला समुहका सामाजिक क्रियाकलापहरुले पारेको प्रभाव ४५

**अध्याय - सात**

**निश्कर्ष तथा अध्ययनबाट प्राप्त मुख्य तथ्यहरु** **४७-४८**

७.१ निश्कर्ष तथा अध्ययनबाट प्राप्त प्रमुख तथ्यहरु ४७

सन्दर्भ सामाग्री

अनुसूची

# तालिका सूची


तालिका - ४.१ लिङ्गको आधारमा जनसंख्याको विवरण १९

तालिका - ४.२ परिवारको किसिम २१

तालिका - ४.३ उत्तरदाताको परिवारको संख्या २२

तालिका - ४.४ उत्तरदाताहरुको उमेर समुह २३

तालिका - ४.५ उत्तरदाताहरुको शैक्षिक स्थिति २४

तालिका - ४.६ उत्तरदाताहरुको परिवारको वार्षिक आम्दानी २६

तालिका- ४.७ उत्तरदाताहरुको धर्मको विवरण २८

तालिका - ५.१ समुहमा आवद्ध हुनुका कारणहरु ३०

तालिका - ५.२ ऋणको किसिम ३२

तलिका - ५.३ प्रौढ कक्षामा महिलाहरुको सहभागिता ३६

तालिका - ६.१ महिला समुहका नीति निर्माणमा सुझाव दिए नदिएको सम्बन्धी ४१

तलिका - ६.२ घरयासी र पारिवारिक तथा सामाजिक निर्णयमा भूमिका ४१

तलिका - ६.३ अन्नपूर्ण महिला समुहका सामाजिक क्रियाकलापहरु ४५

# चित्र सूची


चित्र ४.१ उत्तरदाताहरुको मुख्य पेशा २५

चित्र ४.२ उत्तरदाताहरुको परिवारमा भु-स्वामित्वको स्थिति २७

चित्र ५.१ उत्तरदाताहरुको महिला संगठन र एकता हुनुका कारणहरु ३१

चित्र ५.२ आम्दानीलाई खर्च गरी बचत रहने नरहने अवस्था ३३

चित्र ५.३ क्रियाकलापमा सघाउ पुऱ्याउने नपुऱ्याउने विवरण ३५

चित्र ६.१ महिला समुहको नियमित बैठकमा उत्तरदाताहरुले भाग लिए नलिएको अवस्था ४०

चित्र ६.२ महिला समुहका गतिविधिहरुप्रति समाजको दृष्टिकोण ४३

चित्र ६.३ महिला समुहमा लागेपछि उत्तरदाताले अनुभुति गरेका स्तर परिवर्तन ४४

# अध्ययन - एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभुमि

महिला सशक्तिकरण एक प्रक्रिया हो । महिला स्वयम् आत्मनिर्भर हुने, आफ्नो स्वतन्त्र अधिकार लाई छनौट गर्न पाउने, हरेक चुनौतीमा सहयोग गर्ने स्रोतहरुलाई नियन्त्रण गर्न सक्ने पक्रिया हो । सशक्तिकरणमा महिलाहरुको लागि उच्च साक्षरता स्तर, शिक्षामा समान सहभागीता गुणस्तरीय स्वास्थ्य सेवा, उत्पादक स्रोतहरुमा समान स्वमित्व अधिकार र जिम्मेवारी र जीवनका सुधारस्तरहरु समावेश छन् ।

महिला सशक्तिरकरण नयाँ अवधारणा होइन । यो विश्वभर (सकारात्मक) सोचका साथ फैलदै गएको एक सर्वमान्य अवधारण हो । संसारभर महिलाहरु ईतिहासको शुरुवाती चरणदेखी लैङ्गिक असमानता, चुनौती र परिवर्तनको सामना गर्दै आएका प्रशस्तै उदाहरण हामीले देखेका छौ । विशेष गरि ग्रामिण महिलाहरुलाई सामाजिक न्याय सँग सन्तुलित विकाशको रणनीतिमा महिला सशक्तिकरण एक महत्वपुर्ण मुद्दा भएको छ ।

सशक्तिकरण त्यस्तो प्रक्रिया हो जसमा समुदायका शक्ति, क्षमता, आत्माविश्वास तथा पहुँच नहुनेहरुका लागि शिक्षा, चेतना तथा अधिकार र अवसरहरु प्रदान गरि क्षमताको अभिवृद्धि गरिन्छ । समुदायमा महिला, जनजाती तथा दुर्गम क्षेत्रका व्यक्तिहरु विभिन्न कारणले सशक्त हुन सकेका छैनन् । आज पनि महिलाहरु सामाजिक, आर्थिक र राजनैतिक क्षेत्रमा सशक्त हुन नसकेको अवस्था छ । क्षमता भएर पनि प्रयोगमा ल्याउन नसकेको अवस्था छ । यहि अशक्ततालाई ज्ञान, शिप, हिम्मत, शिक्षा र अधिकार तथा अवसर प्रदान गर्ने पक्रियालाई सशक्तिरण भनिन्छ । समुदायका महिलाले कतिपय अवस्थामा अधिकार र अवसरलाई प्रयोग गर्न सकेका छैनन् । त्यसैले महिला सशक्तिकरणको आवश्यकता देखिएको छ । सामाजिक न्यायबाट वन्चित तथा पुरातन दासता र मान्यताले दविएका महिलाहरुलाई अधिकार तथा अवसर प्रदान गर्न सक्ने वनाउने समग्र प्रक्रियालाई सशक्तिकरण भनिन्छ । यद्यपि समुदायमा महिलाहरु मात्र सशक्तिरण गर्ने पक्षहरु भन्ने गलत हुन्छ । समुदायका विपन्न, दलित, पिछडिएका अशक्त तथा सुविधा विहिन वर्ग चाहे ती पुरुष हुन् या महिला हुन् तीनलाई सवलिकरण गर्न आवश्यक छ । यद्यपि लैङ्गिक अध्ययनमा महिला

सशक्तिकरणलाई बढी जोड दिएको हुन्छ किनकि महिलाहरु पछाडी परेका छन् । तर पुरुषको सशक्तिरण विना पनि महिलाको समग्र विकाश हुन सक्छ भन्ने मान्यता पनि त्यतिकै गलत छ । यसैले लैङ्गिक अध्ययनमा महिला र पुरुष दुबैलाई जोड दिनु आवश्यक हुन्छ । (आचार्य, २०७१)

महिला सवलिकरणका लागि शिक्षा, तालिम, उद्यम विकासका लागि ऋण जस्ता सुविधा पुऱ्याउन सकिएमा र यस्ता कार्यक्रमलाई सरकार, नागरिक समाज र गैर सरकारी संस्थाले एकीकृत रुपमा अघि सार्न सकिएमा महिला सशक्तिकरणमा ठोस टेवा मिल्दछ ।

नेपालमा पनि महिलाको भूमिकालाई अनुसारण गर्दै विकासका नीतिहरुमा छैटौ पञ्चवर्षीय योजना (१९८१ - १९८५) मा पहिलो पटक समावेश गरिएको थियो र त्यो वेला देखि हालसम्म पनि महिलाका मुद्दालाई समावेश गर्दै आएको पाईन्छ । जसले गर्दा महिला सशक्तिरणमा सघाउ पुगेको देखिन्छ । नेपाल सरकारले महिला तथा बालबालिकाको लागि विभिन्न कार्यक्रम पनि ल्याउने गरेको देखिन्छ । जुन चाँहि नेपालको संविधान (१९९०) बाट प्रेरित देखिन्छ । यस्तै गरेर विश्वका अन्य राष्ट्रहरुले महिलाहरुको हक अधिकार र समस्याहरुको वारेमा विभिन्न अन्तराष्ट्रिय संस्थाहरु मार्फत महिला हक र अधिकारलाई सुनिश्चित गरेको देखेर नेपालले पनि नेपाली महिलाहरुका लागि छुट्टै वि.सं १९९५ मा Ministry of Women and Social Welfare खोलेका पाईन्छ । पछि यसलाई पुनः महिला  तथा बालबालिका मन्त्रालयको नाम दिइयो ।

परम्परागत पितृसत्तात्मक सामाजिक समाजमा पुरातन समय देखि नै समाजमा विद्यमान सामाजिक विसंगति र विकृतिहरुको अन्त्य गर्दै महिलाहरु माथि भएको दमन उत्पीडनलाई समाप्त पारी उनीहरुको सामाजिक, आर्थिक एवम् शैक्षिक स्तर माथि पुर्याउदै जाने लक्ष्यका साथ यस अन्नपूर्ण महिला समुह आफ्नो गतिविधिहरु मार्फत समाजमा विद्यमान पुरुषवादी हैकम समाप्त पार्नका लागि महिलाहरुलाई जागृत पार्न र समाज उत्थानमा महिलाहरुको सशक्त भुमिका हुन्छ भन्ने कुराको अनुभूति दिलाउन समेत सफल भएको पाईयो । २०६५ सालमा स्थापना भएको यस महिला समुहमा हाल ५० जना सदस्यहरु रहेका छन् । सुरुवाती चरणमा केही जना सदस्यबाट थालनी गरि सानो सानो रकम पूँजी स्वरुप संकलन गरि स्थापना गरिएकोमा हाल महिनाको रु १००। रुपैया मासिक बचत गर्न थालिएको छ । यस समुहको स्थापनाले समाजमा सकारात्मक प्रभाव पार्न सफल भएको छ । समुहमा आवद्ध

महिलाहरु विस्तारै आर्थिक रुपमा केही हदसम्म भएपनि आत्मनिर्भर हुँदै गएको पाईन्छ । साथै यस समुहमा आवद्ध महिलाहरु थोरै लगानीमा साना व्यापार व्यवसाय, उद्यम, कृषि गरेको पाईन्छ ।

यो अनुसन्धान धरान उपमहानगरपालिका वडा नं ६ मा केन्द्रित भएर गरिएको छ । किनभने महिला सशक्तिकरणको बारेमा यो भन्दा अगाडि धेरै अनुसन्धान भएतापनि अहिलेको वर्तमान अवस्थामा आइपुग्दा त्यहाँका महिला समुहमा आवद्ध महिलाहरु के कसरी सशक्त भईरहेका छन् ? उनीहरुको सर्वाङ्ग्रीण रुपमा सशक्त हुनका लागि ती महिला समुहको भुमिका के कस्तो रहदै आएको छ भन्ने कुरा यो अनुसन्धानमा हेरिएको छ ।

## १.२ समस्याको कथन

धरान उपमहानगरपालिका पर्ने वडा नं ६ स्थित पानवारी गाउँका महिलाहरु समुहमा आवद्ध महिलाहरु नै यस अध्ययनको कार्यस्थल रहने छ । यस पानवारी नगरमा रहेका महिलाहरु बाहिरी रुपबाट हेर्दा धेरै जसो शिक्षित र आत्मनिर्णय गर्न सक्ने क्षमता भएका देखिएता पनि वास्तविकता के कस्तो रही आएको छ भनेर यस अनुसन्धानमा हेरिनेछ ।

हाम्रो देश एक पितृसत्तात्मक समाज भएकोले यसको छाप त्यहाँका महिलाहरुमा पनि देखिएको छ । घरयासी निर्णय होस् या कुनै कार्यालयमा गरिने निर्णय त्यसमा पुरुषकै सहभागीता बढी देखिएको पाईन्छ ।

हाम्रो समाजमा महिलालाई घरभित्र मात्र सीमित राखिएको छ । घरको घरमुली सधै पुरुष नै हुने गर्छन् र महिलालाई सधै दास्रो सहायक दर्जामा राखिएको छ । उनीहरुको काम भनेका खाली घरमा खाना पकाउने, बालबच्चा हुर्काउने, गाईवस्तु चराउने, वृद्ध वृद्धाहरुको स्याहार सुसार गर्ने मात्र रहेको छ । पुरुषले नै सधै शासन गर्ने गरेको पाईन्छ र यसरी महिला सधै पुरुषद्धारा शासित हुनु भनेको यो एउटा नित्तान्त महिला मात्रको मुद्दा नभई, कुनै एउटा नारीवादको मात्र नभई सम्पूर्ण पितृ सत्तात्मक समाजको उपजको रुपमा यसलाई लिइने गरिन्छ । (मिश्र, २००५)

## १.३ अनुसन्धानात्मक प्रश्नहरु

१. महिलाहरु समुहमा संगठित हुनलाई उत्प्रेरित गर्ने तत्वहरु के हुन् ?

२. धरान उपमहानगरपालिका वार्ड नं ६ का महिलाहरुको सार्वजनिक क्षेत्रमा के कस्तो सहभागीता रहने गरेको छ ?

३. महिला समुहले महिला सशक्तिकरणमा कस्तो प्रभाव पारेको छ ?

## १.३ अनुसन्धानको उद्देश्य

महिला सशक्तिकरणमा महिला समूहहरुको भुमिका शीर्षकमा यो अध्ययन केन्द्रित रहनेछ र साथै यस अध्ययनको उद्देश्य निम्न रहका छन् ।

१. त्यहाँका महिलाहरुको निर्णयात्मक क्षमतामा अएको परिवर्तन हेर्नु ।

२. आर्थिक कारोवारमा महिलाहरुलाई महिला समुहले गरेको सहयोग हेर्नु ।

३. महिलाहरु महिला समुहमा संगठित भएपछि उनीहरुको जीवनमा आएको सामाजिक परिवर्तन हेर्नु ।

## १.४ अध्ययनको महत्व

नेपालमा महिलाहरु आर्थिक, सामाजिक र शैक्षिक स्तरले कस्ता छन्, महिला जागरणको स्थिति के कस्तो छ र महिला सशक्तिकरण तथा जागरणमा महिला समुहहरु आमा समुह आदि संगठनले के कस्तो भुमिका खेलेका छने भनी अनुसन्धान गर्न जरुरी छ । समाज र राष्ट्रको विकासमा महिला तथा पिछडिएका महिलाको समेत भुमिका महत्वपूर्ण हुन्छ । महिलाहरुको सशक्तिकरणमा महिला समुहले पुऱ्याएको योगदान सैद्धान्तिक रुपले समाजशास्त्रीय रुपमा विश्लेषण गरिनुपर्ने हुन्छ । यो अध्ययन समाजशास्त्रीय रुपमा महिला सशक्तिकरण र लैङ्गिक अवधारणमा आधारित समाज परिवर्तनलाई अध्ययन गर्ने एक कडिको रुपमा रहेको छ । यसका साथै यस अध्ययनले त्यहाँका महिलाका शैक्षिक स्थिति, घरायसी निर्णयात्मक क्षमता र अन्य संगठनात्मक रुपमा जनाएको सहभागिताबारे प्रष्ट पारेको छ ।

## १.५ अध्ययनको सांगठनिक

यो अध्ययन पुस्तिकामा सात ओटा अध्यायहरु छन् । अध्ययन एकमा अध्ययनको पृष्टभूभि, समस्याको कथन, अध्ययनको उद्देश्यहरु, अध्ययनको महत्व र अनुसन्धानको सांगठनिक स्वरुप रहेका छन् । अध्ययन दुईमा पूर्व साहित्यको विश्लेषणका साथै सैद्धान्तिक अवधारणहरु रहेका छन् । अध्यय तीनमा अनुसन्धानको पद्धति र चौथोमा अध्ययन क्षेत्र र उत्तरदाताहरुको परिचयलाई प्रकाश पारेको छ । पाँचौमा र छैठौमा महिला सशक्तिकरणमा महिला समूहको भूमिकासँग सम्बन्धित विश्लेषण गरिएको छ र अन्तिम सातौमा निष्कर्ष, निचोड र सारांश राखिएको छ ।

# अध्यय - दुई

# साहित्यको पुनरावलोकन

## २.१ सैद्धान्तिक दृष्टिकोण

हामी बाँचेको सामय २१ औ शताव्दी हो । महिलाहरुले आफै पनि आफ्नो अधिकारको लागि दौडनु पर्छ भन्ने केही आधारहरु अझै जीवित छन् । यदि हामी यस्ता विषयमा सन्तुलन प्राप्त गर्ने प्रयास गर्छौं भने त्यहाँ महिला सशक्तिकरणको लागि सम्पूर्ण अभियानको आवश्यकता पर्दैन । एक कुशल घर निर्माता कुनै पनि बेला व्यवसायिक नेता हुन सक्छ । भर्खरै नेपालको नेतृत्व गर्ने राष्ट्रपति पदमा पुनः महिला आसिन भएको अवस्था छ । नेपालमा प्रधान न्यायधिस पदमा पनि महिला पुगिसकेका छन् र सभामुख पदमा पनि महिला पुगिसकेका छन् ।

महिला सशक्तिकरणको विषय त सार्वजनिक बहसको रुपमा एक अध्यासमा ल्याउनु पर्छ । हामी महिलाहरुलाई सशक्त बनाउने प्रयास वा उद्देश्यमा छौ भने हामीले एक परिवारलाई सशक्त बनाउन अप्रत्यक्ष रुपमा बल गरिरहेका हुनेछौ । यसका लागि महिलाको चेतनाको स्तर बृद्धि गर्नुको साथै शिक्षामा लगानी गर्ने जसरी हुन्छ ।

महिलाहरु ज्ञानको अथाह भण्डार हुन् । यसमा कुनै दुई मत छैन । यस्ता कार्यले सधै न कसै न कसैलाई विश्वासमा लिन सकिन्छ । एक घर निर्माणको लागि महिला शिक्षा गतिशिल स्रोत हो । महिला शक्ति एक यस्तो शक्ति हो जसले समाज, देश र अन्त्यमा विश्वलाई नै परिकल्पना गरेको भन्दा सुन्दर बनाउन सकिन्छ । महिला सशक्तिकरण एक असल राष्ट्र निर्माणका लागि अनिवार्य शर्त हो । यदि एक महिलाले आफ्नो दक्षतालाई सशक्त बनाइन भने ग्रामिण भेगका महिलाहरुले सशक्तिकरणलाई बढावा दिन विशाल शक्ति प्राप्त गर्न सक्छन् ।

सशक्तिकरणमा महिलाहरुको लागि उच्च साक्षरता, गुणस्तर शिक्षामा समान सहभागिता, गुणस्तरीय स्वास्थ्य सेवा, उत्पादन स्रोतहरुमा समान स्वामित्व, अधिकार र जिम्मेवारी र जीवन सुधार स्तरहरु समावेश छन् ।

महिलाहरुले राज्यको अर्थ व्यवस्थालाई मजवुत बनाउन ठुलो योगदान गरेका छन् । अर्थ व्यवस्था नै समाजमा वर्ग र लैङ्गिक विभेद गर्ने यसको मुख्य कारक तत्व हो । त्यसैले महिला सशक्तिकरणको निम्ती आर्थिक अवस्था एकदमै मजवुत हुनुपर्छ । जब महिलाको आर्थिक अवस्था मजवुत हुन्छ तव समाज, क्षेत्र हुदै सम्पूर्ण राष्ट्रमा प्रत्यक्ष प्रभाव पर्दछ । जसरी हुन्छ महिला सशक्तिकरणमा महिलालाई आर्थिक रुपमा सक्षम बनाउनु पर्दछ । आजको आधुनिक युगामा जबसम्म महिलालाई उचित सम्मान र अवसर प्रदान गरिदैन तबसम्म समाज र राष्ट्रले अपेक्षा गरे बमोजिम उपलब्धि हासिल गर्न सक्दैन । आज नेपालको सन्दर्भमा हेर्ने हो भने नेपाली महिलाहरु पनि सशक्त बन्दै गएको देखिन्छ । नेपालमा पनि महिलाहरु शिक्षा, राजनीति, व्यापार, खेलकुद, उद्योग, साहित्य जस्ता क्षेत्रमा पुरुष सरह उपलव्धी हासिल गरिरहेका छन् । र यसमा विशेष गरि ग्रामिण क्षेत्रमा महिलालाई सशक्त हुनका लागि महिला समुहले ठुलो भुमिका निभाएको छ । (मंगोलियन सिमा, २०७५)

कमला भासिन जो सन् १९७० को दशकमा महिलाहरुको हितको लागि कलम चलाउने एक भारतीय महिलावादी, कवि, लेखक र सामाजिक अभियान्ता हुन । उनले पितृसत्ता लाई एउटा भाइरस को रुपमा समाजमा व्याप्त भएको मानेकी छिन् । जसरी पछिल्लो समयमा कोरोना भाइरस ले विश्वलाई नै आकान्त पार्यो त्यसैगरी खासगरी दक्षिण एसियामा पितृसत्ता एउटा भाइरस को रुपमा रहेको बताएकी छिन् । पितृसत्ता भित्र जातिवाद, रंगभेद, लैङ्गिक विभेद त्यसैगरी पूँजीवाद चाही यस भित्रका स - साना भाइरसको रुपमा हेरेकी छिन् । उनीले भनेकी छिन् कि मानिसहरु धर्मले भने अनुसार नियम मान्दैनन् तर विभिन्न ठाँउम धर्मका नाममा मन्दिरहरु बनाउछन् । त्यसैगरी उनले भारतमा गान्धीवादी राजनीतिज्ञको उदाहरण पनि दिएकी छिन् । गान्धिका सालिकहरु देशभरी वनाउछन् आफुलाई गान्धिवादी भन्छन् तर त्यही गान्धिले देखाएको वाटोमा हिड्दैनन्, उनले बनाएको नियम मान्दैनन् । महिलालाई पनि समाजले के गर्यो त भन्दा खाली उनीहरुलाई विभिन्न वहाना गरेर महिला लाई प्रयोग मात्र गरियो । महिलालाई विभिन्न जिम्मेवारीहरु दिएर उनीहरुलाई अल्झाउने काम मात्र गरियो । महिलालाई पितृसत्ताले सधै दोस्रो दर्जामा राख्यो । घरमुली त बनायो तर नाम मात्रको । जबकी उसले आफ्नो श्रीमान वा छोरा सँग नसोधी आफ्नो एकल निर्णय गर्न सक्दिन । त्यसैगरी पूँजीवादले महिलालाई घर बाहिर त निकाल्थे तर मुख्य भुमिका भने पुरुष कै पारियो । महिलालाई एउटा साधनको रुपमा प्रयोग गरियो । उनले आफ्नो

महिलावाद लाई एउटा अध्यारा भित्रको प्रकाश भनेकी छिन् । पितृसत्ता भित्रको अध्यारोलाई चिर्ने एउटा Tourch Light को रुपमा मानेकी छिन्  र सामाजिक व्यवस्था भित्रको पितृसत्ता विरुद्धको लडाई हो भनेकी छिन् ।

उनले आफ्नो महिलावाद लाई पशि्चमा विचार बाट आएको भनेकी छैनन् । यो त स्थानिय हो आफ्नै ठाँउवाट जन्मीएको बताएकी छिन् । दक्षिण एसियामा दाइजो प्रथा, बालविवाह, भ्रुण पहिचान गर्भपतन जस्ता कुप्रथाको विरुद्धमा आवाज उठाउने र मानिसहरुमा चेतना भर्ने खालको विचार हो । महिलावाद लाई विश्वव्यापी रुपमा फैलिएको मानिकी छिन कारण पितृसत्ता पनि त संसार भरि नै फैलिएको छ । महिलावाद ले पुरुष लाई अपमान गर्दैन वरु यसले महिला र पुरुष बिच समानताको कुरा गर्छ । मानवता को कुरा गर्छ । यसले जात, वर्ग, रंग, जातियता आदि बीचमा समानताको कुरा गर्छ । Culture does not make human being, human being make culture. साथै उनले थपेकी छिन् सँस्कृति कहिले मर्दैन बरु यो त समय अनुसार परिवर्तन हुन्छ । यसले सधै मानिसलाई समानत साथ हर्ने गर्छ चाहे मानिसको जात, जातियता, लिङ्ग जे सुकै होस् सबैलाई समायोजन गर्न सक्नुपर्छ ।

यदि समाजलाई अघि वढाउनु छ वा एउटा समुनत समाजको परिकल्पना गर्नुछ भने त्यहाँ रहेका महिला र पुरुषलाई समान व्यवहार गर्न जरुरी छ । महिला र पुरुषलाई एउटै रथका दुई पाङग्रा मान्न जरुरी छ । जसरी एउटा अनुपस्थितमा त्यो रथ अगाडी बढ्न सक्दैन त्यसरी विकसित समाज हुनको लागी पनि पुरुष मात्र शिक्षित, आत्मनिर्भर र सशक्त भएर पुग्दैन, त्यसका लागि दुवै बरावरी साथमा अघि बढ्न जरुरी छ तवमात्र समन्नत समाज बन्न सक्छ ।

सृष्टिकर्ताले समाजमा हरेक बस्तुमा भेद बनायो । एक बस्तुलाई अर्को बस्तु सँग फरक बनायो तर त्यो फरकलाई मानिसले नबुझेर त्यसमा विभेद गर्न थाल्यो । "Nature makes diversity but not hierarchy" प्रकृतिले कहिले पनि हात्तीलाई मुसा भन्दा ठुलो मान्दैन, गुलाव कमल भन्दा उत्तम मानेको छैन र महिला भन्दा पुरुष उत्कृष्ट भनेर यी सबै मानिसले बनाएको विभेद हो । महिला र पुरुष बीचमा केही शारिरिक अंगमा फरक छ । फरक प्रकृतिले यस कारण बनायो ताकि सृष्टि अगाडी बढोस् , बाँकी सबै समान छन् ।

यसरी प्रकृतिले बनाएको भेदलाई समाजले भेदभाव, असमानता र विभेदमा बदल्छन् । संसारमा सबैभन्दा धेरै असमानता र पदानुक्रम महिला र पुरुषको बीचमा छ । आज पनि छोरीलाई संसारमा आउनु भन्दा अघि उसको भ्रुणमा हत्या गरिन्छ । महिला माथी जति पनि हत्या, हिंसा हुन्छ त्यो सबै हाम्रो पितृसत्ता प्रणालीले गर्दा हुन्छ किनकी यसमा पुरुषलाई सर्वश्रेष्ठ मानिन्छ । महिलावादको लडाई भनेको पितृसत्ता सँग छ । १५० वर्ष अघि देखि महिला आन्दोलन हुदै आएका छन् यसका विरुद्ध । यसरी विस्तारै जब महिलाहरु आफ्नो हक अधिकारको बारेमा जानकार हुदै गए । विभिन्न समाजमा खुल्ने गैह्र सरकारी, अन्तराष्ट्रिय गैह्र सरकारी संस्थामा आवद्ध हुदै गए । महिला समुहमा संगठित हुदै एर । त्यसमा आवद्ध भएपछि उनीहरुले आफ्नो भुमिका र अधिकारको बारेमा थाहा पाए । विस्तारै आर्थिक रुपमा सशक्त हुदै गए । थोरै थोरै रकम जम्मा गरेर पँजीको संकलन गरे जसबाट उनीहरुले आफुले चाहे अनुसारको व्यापार, स-साना उद्योगमा लगानी गर्न सके जसबाट आज महिला समुहमा आवद्ध हुने महिलाहरु अरु महिला भन्दा हरेक क्षेत्रमा अगाडी छन् । सबैका सामु आफ्ना कुराहरु निर्धक्क राख्ने देखि लिएर परिवारमा आफ्नो निर्णय समेत दिन सक्ने भएका छन् । त्यसैले भन्न सकिन्छ कि महिला समुहले महिलालाई सशक्त हुनका लागि उत्प्रेरित गरेको पाईन्छ । (Bhasin, 2018)

खासगरी यो अध्ययन महिलाको सशक्तिकरणसँग सम्बन्धित भएको हुनाले यस अध्ययनमा महिलावादी सिद्धान्तको प्रयोग गर्न सकिन्छ । किनभने यसले महिलाको गहन अध्ययन गरी वास्तविकताको उजागर गर्न सक्छ । साथै महिला सशक्तिकरण सम्बन्धमा भएका प्रयासहरुलाई उजागर गर्न सक्छ ।

### २.१.१ महिलावादी सिद्धान्त

हाम्रो समाजमा महिलाको अवस्था र स्थिति पुरुषको भन्दा फरक मात्र नभई असमान पनि छ । भौतिक सामाग्री, स्रोतशक्ति सम्बन्ध कानुनी अधिकार, अवसरहरु, भुमिका, उत्तरदायित्व आदिजस्ता विभिन्न पक्षहरुमा महिलाको स्थिति असमान छ । यही असमान स्थितिले गर्दा महिलाहरु सशक्त हुन सकिरहेका छैनन् । यसले समाजमा महिलाको स्थान कहाँ छ भनेर हेर्ने गर्छ । (अधिकारी, २००४)

### २.१.२ आमूल महिलावाद

आमूल महिलावादले खासगरी पितृसत्तात्मक समाजको कारणले नै महिला हिँसा निम्तिएको छ भन्ने कुरामा जोड दिन्छ । किन र कसरी पितृसत्तात्मक ढाँचाबाट महिलाहरुको शोषण भएको छ ? उनीहरु पुरुषहरु भन्दा किन पछाडी छन् ? यसका कारक तत्वहरु खोज्दै जनचेतना जगाउदै पुरुषसँगको निर्भरता हटाउने, महिलाहरु प्रति सकारात्मक सोचको विकास गर्ने, महिलाको नेतृत्वमा रहने कार्यक्रम संचालन गर्ने, घरायसी झन्झटबाट छुटकारा दिलाउने सवालमा जोड दिन्छ । महिला पुरुष बिचको सम्बन्धले नै महिलालाई कमजोर र पछाडी पारेको छ भनेर महिलालाई सशक्तिकरण गर्नमा जोड दिन्छ । (चौलागाई, पोखेल, सापकोटा, २०६०)

### २.१.३ मार्क्सवादी महिलावाद

मार्क्सवादी महिलावादले वर्गीय आधारमा समाजको व्याख्या र विश्लेषण गर्न सकिएमा महिलाहरुलाई पुरुष सरह सशक्त गर्न सकिन्छ भन्ने मान्यता राख्दछ । महिला माथि हुने दमन, अत्याचार र उनीहरु पुरुषको तुलनामा पछाडि पर्नुको खास कारण पितृसत्ता र पँजीवादी संरचनाबाट भएको निश्कर्ष मार्क्सवादी महिलाहरुको रहेको छ । महिला माथि हुने दमन र अधिनतालाई परिवर्तन गर्न सकिन्छ । किनकि कुनै जैविक कारणबाट लैङिगक विभेद भएको होइन भन्ने कुरामा जोड दिन्छ । मार्क्सवादी महिलावादले महिलाहरुले आफ्नो अधिकार प्राप्त गर्नका लागि वर्गिय क्रान्ती गर्नु पार्ने कुरामा जोड दिन्छ । साथै नीजि स्वामित्वको अन्त्य गरेपछि मात्रै महिलाहरु सामाजिक, आर्थिक र राजनैतिक अधिकार प्राप्त गरि स्वतन्त्र हुने छन् भन्ने कुरामा जोड दिन्छ । (आचार्य, २०५९)

### २.१.४ समाजवादी महिलावाद

मार्क्सवादी महिलावाद र आमूल महिलावादको विचारको संस्लेषण गरी समाजवादी महिलावादको विकास भएको पाईन्छ । समाजवादी महिलावादले लैङ्गिक दमनलाई वुझ्न सामाजिक कारक तत्वको खोजीलाई जोड दिदै महिला प्रतिका विभेद, पुरुष र महिला स्वयम् बाटै भएको ठान्दछ । यस समाजवादी महिलावादले सामाजिक साथै साँस्कृतिक व्यवस्थाका कारण पनि अनेकौ लैङ्गिक विभेद सिर्जना भएको कारण यस तर्फको अध्ययनलाई महत्व दिनुपर्ने कुरामा जोड दिएको छ ।

समाजवादी महिलावादले सामाजिक साथै साँस्कृतिक व्यवस्थाका कारण पनि महिला र पुरुष बिच लैङ्गिक विभेद सिर्जना भएको मानिन्छ । हाम्रा सामाजिक संरचनाले नै तँ माथिल्लो स्थानमा र तँ तल्लो स्थानमा छस् भनेर छुट्याएको छ । र समाजवादी महिलावादले यो सबै विभेदलाई वताएर महिला र पुरुषलाई समान ईज्जत र स्थान दिनुपर्ने कुरामा जोड दिन्छ । महिलालाई पुरुष सरह शिक्षा र अवसर दिनुपर्दछ । महिला आफैले त्यस्ता सामाजिक संरचना र कुरीतिको विरुद्ध अभेर आफुलाई सशक्त बनाउनु  पर्ने कुरामा जोड दिन्छ । ( चौलागाई, पोखेल, सापकोटा, २०६०)

माथिका सम्पूर्ण महिलावादी सिद्धान्तले शक्ति निर्धारणका कुरालाइ जोड दिन्छन् । एउटा पुरुष, पुरुष भएकै कारणले गर्दा उसमा शक्ति निहित रहेको हुन्छ । समाजले नै उसलाई तँ चाहि माथिल्लो स्थानमा छस् महिलाभन्दा भनेर प्रश्रय दिएको पाईन्छ । हाम्रो जस्तो समाजको सामाजिक संरचनाले महिलाहरुलाई पछाडि पारेको छ भनेर भनेका छन् । त्यस्तै गरेर Inter Sectional Approach बाट हेर्दा महिलाहरु विभिन्न पक्षबाट पछाडि परेको देखिन्छ । जस्तैः एउटा दलित महिला, महिला भएको कारणले मात्र नभई निम्न वर्गीय, जातीय, रंग आदिको कारणबाट पनि पछाडि परेको हुन्छ भन्ने मान्यता राख्दछ ।

Simonde ले महिलाहरुलाई किन दोस्रो दर्जामा राखिन्छ भन्दा उनको एउटा प्रशिद्ध भनाई छ "Women is not born but madem." समाजमा महिला र पुरुषबीचको भेदभाव जैविकीय भिन्नताले गर्दा मात्र भएको छैन । समाजमा महिला र पुरुषलाई हेर्ने दुईवटा छुट्टै आँखाहरु छन् । एउटा Natural Sex जो जन्मजात महिला र पुरुष फरक छन् । शारीरिक संरचना फरक छ तर त्यतिले मात्र महिला र पुरुषलाई हेर्ने फरक दृष्टिकोण फरक भएको होइन यो त समाजले फरक बनाएको हो । समाजले त महिला होस् त्यसैले तैले यो कामहरु गर्नुहुन्छ र यी कामहरु गर्नु हुदैन । तैले यी सीमाभित्र रहनुपर्छ भनेर Cultural Sex को निमार्ण गरेको छ । एउटा घर परिवारमा भएको श्रम विभाजनले मात्र महिला दोस्रो दर्जाकोमा राखिएको होइन यो त समाजले नै श्रम विभाज श्रेणीको निर्माण गरेको छ । जसले गर्दा महिलाहरुले गर्ने काम घरभित्र तोकिएको छ । कुनै पारिश्रमिक तोकिएको छैन । घरभित्र नै महिलालाई सीमित राखिएको छ ।

हुन त हेर्ने हो भने मानव समाजको सुरुवाती चरणमा महिला र पुरुषमा कुनै कामको बाँडफाँट थिएन । दुवैले मिलेर काम गर्थे । बरु त्यो समयमा पुरुष भन्दा महिला बढी सक्रिय थिए । तर समयको विकासक्रम सँगै जन नीजि सम्पत्तिको उदय भयो । महिलाको सम्पत्तिमा स्वामित्व पहुँच हुन छाड्यो । पुरुष घर बाहिर र महिला घरभित्र रहन थाले । यसरी महिला र पुरुषबीच बिस्तारै कामको हुर्काउन भन्ने कुरा उसको Biology सँग नभई यो त Social Construction को उपज हो भनेर यी विभिन्न महिलावादीहरुले भनेको पाईन्छ । ( Luitel, 2006)

शाब्दिक रुपमा सशक्तिकरण शब्दभित्र शक्ति पनि अर्न्तनिहित रहेकोले यसले शक्ति एवम् शक्तिगत प्रक्रियालाई जनाउँछ । महिला र पुरुष बीचमा रहेको बिभेदलाई हटाउँदै न्याय र समानता आधारित समाजको निर्माण गर्ने विकासको प्रक्रिया हो । साथै लैङ्गिक समानताको प्रक्रिया हो ।

वास्तवमा सशक्तिकरण विकासको मुद्दा मात्र नभई लैङ्गिक मुद्दा पनि हो । यो विभेद दमन, शोषण विरुद्धको जागृति हो । आत्मविश्वास बढाउने संयन्त्र हो । क्षमता विकास र सिर्जनशीलताको समुच्च रुप हो । सशक्तिकरण एउटा त्यस्तो प्रक्रिया हो जसले मानिसका अर्न्तनिहित क्षमतालाई जागृत गराउँछ । यसले मानवीय जीवनलाई गतिशिल बनाउँछ, मानिसलाई व्युताउँछ । यो समाजमा रहेको कुसंस्कार, कुरीति, विभेदको अन्त्य गरी समानता तर्फ उन्मुख हुने प्रक्रिया हो । महिला र पुरुषबीच स्रोत र साधनमा रहेका असमानता, सामाजिक, साँस्कृतिक असमानता विभेद तथा परम्परागत र अन्य समग्र सांगठनिक स्वरुपलाई समानता र न्यायिक रुपमा रुपान्तरण गर्ने प्रक्रिया हो । समाजमा परम्परा देखि नै महिलाहरु असमान अवस्थामा रहेका छन् । महिला माथि विभिन्न किसिमका विभेदपूर्ण मूल्य मान्यता रहेका छन् । जुन महिलाको हक, हित, अधिकारको विपरित पक्षमा रहेका छन् । विकासका क्रियाकलाप लगायत सामाजिक तथा व्यवहारिक क्रियाकलापमा महिला माथि गरिएको अपहेलनाका विरुद्धमा १९६० को दशकमा गरिएको महिलावादी आन्दोलनले महिलावादी सिद्धान्तको विकासमा महत्वपूर्ण भूमिका खेल्यो । महिला सशक्तिकरण सवालमा विभिन्न आन्दोलनहरु भएका छन् । भारत, अफ्रिका, चीनको अनौपनिवेश नीतिले अमेरिकाको नागरिक अधिकार आन्दोलनलाई प्रभावित गर्यो । यसले औद्योगिक राष्ट्रहरुको महिला आन्दोलनलाई अगाडी बढ्न सहयोग पुर्‍यायो ।

त्यसैगरी बीसौं शताब्दीको मध्यतिर देखा परेको निर्भरता विरोधी धारण तथा स्वतन्त्रताको सिद्धान्तले शिक्षा क्षेत्रमा प्रभाव पार्यो । त्यसैगरी अमेरिका र ल्याटिन नागरिक अधिकार, नारीवाद, सामुदायिक संगठन, स्वतन्त्रता आदि पक्षले प्रभाव पऱ्यो र सशक्तिकरणको परिभाषा गरियो । (अर्याल, २०६८)

सशक्तिकरण त्यस्तो प्रक्रिया हो जसमा समुदायको शक्ति, क्षमता आत्मविश्वास तथा पहुँच नहुनेहरुका लागि शिक्षा, चेतना तथा अधिकार र अवसरहरु प्रदान गरी क्षमताको अभिवृद्धि गरिन्छ । समुदायमा महिला जनजाति तथा दुर्गम क्षेत्रमा व्यक्तिहरु विभिन्न कारणले सशक्त हुन सकेका छैनन् । त्यही असक्ततालाई ज्ञान, हिम्मत, शिक्षा, अधिकार तथा अवसर प्रदान गर्ने प्रक्रियालाई सशक्तिकरण भनिन्छ । समुदायमा महिलाहरुले कतिपय सन्दर्भमा अधिकार र अवसरलाई प्रयोग गर्न सकेका छैनन् । त्यसैकारण महिला सशक्तिकरणको आवश्यकता देखिएको छ । सामाजिक न्यायबाट बञ्चित तथा पुरातन दासता र मान्यताले दबिएका महिलाहरुलाई अधिकार तथा अवसार प्रदान गर्नुलाई सशक्तिकरण भनिन्छ । समुदायमा महिलाहरुलाई आार्थिक, सामाजिक, राजनैतिक तथा मनोवैज्ञानिक क्षेत्रमा सक्रिय, सक्षम, र पहुँचबाट बनाउने पक्रिया यस अन्तर्गत पर्दछ । (आचार्य, २०७१)

महिलाहरुले विवाह पश्चात् आफ्नो परिचय र निर्णयात्मक क्षमता गुमाउँदै जान्छन् । उनीहरु आफ्नो श्रीमान र घरपरिवारमै पूर्ण रुपमा आश्रित हुन पुग्छन् । सानो भन्दा सानो निर्णय गर्नुपरेमा पनि श्रीमान्कै अनुमति लिने गर्दछन् । त्यही परिवारमा एउटा श्रीमान् दिनभर आफ्ना साथीभाई सँग खेलेर समय बिताउँछ, घुम्न जान्छ, ऊ आफ्नो जीवनमा स्वतन्त्र हुन्छ तर त्यो ठाउँमा श्रीमतीले आफ्नो इच्छाले चल्न खोजेमा समाजले महिलालाई अनेक सवाल जवाफ उठाउँछन् तर पुरुषलाई केही प्रश्न उठ्दैन । महिलालाई एउटा घरभित्र मात्र सीमित राखिन्छ । (गुरुङ, १९९४)

नेपालको संविधानले लैङ्गिक विभेद अन्त्य गर्ने संकल्प सहित महिलालाई लैङ्गिक भेदभाव विना, समान हक, सुरक्षित मातृत्व र प्रजनन् स्वास्थ्य सम्बन्धि हक राज्यका सबै निकायमा समानुपातिक, समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक लगायत मौलिक हकको प्रत्याभूति गरेको छ । हाल महिला र पुरुषको साक्षरता दर ५७.७ प्रतिशत र ७५.६ प्रतिशत रहेको छ । सम्पत्ति स्वामित्व पुगेका महिला २६ प्रतिशत र मातृमृल्युदर प्रतिलाख जीवित जन्ममा २३९ जना, महिला र पुरुषको श्रमशक्ति सहभागिता दर २६.३ प्रतिशत र ५३.८

प्रतिशत रहेको छ । त्यस्तै लैङ्गिक सशक्तिकरण मापक ०.५६८ छ । नेपालले महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन गर्ने महासन्धि १९७९ को अनुमोदन गरी सोही अनुरुप नीति तथा कार्यक्रमहरु कार्यान्वयन गर्दै आएको छ । त्यसैगरी दिगो विकासको लक्ष्यमा लैङ्गिक तथा बालिका सशक्तिकरणको विषय समावेश भएको छ । महिलाको क्षमता, श्रमसीप र सिर्जनालाई विकास प्रक्रियामा लगाई संविधानको मर्म अनुरुप सामाजिक समानता कायम गर्ने कायक्रम सञ्चालन गर्नुपर्ने आवश्यकता रहेको छ । (पन्ध्रौ योजना, आ.व. २०७६/०७७ - २०८०/०८१)

## २.१.५ अनुसन्धानको गोपनियता

आजको २१औ शताव्दी आइपुग्दा महिला र पुरुषको विभेदको सन्दर्भमा थुप्रै सवालहरु उठेको पाईन्छ । महिला र पुरुषलाई प्रकृतिले बनाएको विभेदलाई लिएर महिला माथी हाम्रो जस्तो पितृसत्तात्मक समाजले धेरै नै दमन गरेको पाईन्छ । विस्तारै जब महिलावादी आन्दोलनहरु हुन थाले । महिलाहरु पनि विस्तारै घर बाहिर निस्कने मौका पाउन थाले । तव महिलाहरु पुरुष सँगसँगै हरेक क्षेत्रमा अगाडी बढ्न थाले । आज राज्यको हरेक राजनीति, शिक्षा, स्वास्थ्य, रोजगार जस्ता क्षेत्रमा महिलाहरु उच्च पदमा आसिन हुन पुगेका छन् । महिलाहरु आफ्नो जिमोवारी लाई बहन गर्दै पुरुष सँग काँधमा काँध मिलाई हिडेको पाउन सकिन्छ ।

महिलालाई सबैभन्दा सशक्त बनाउने माध्यम भनेके शिक्षा हो । आज शिक्षित महिलाहरु जति सशक्त छन् त्यसको दाँजोमा कम शिक्षित वा अशिक्षित महिलाहरु सशक्त छैनन् । शिक्षाले महिलालाई भित्रै बाट चेतनाको स्तरमा वृद्धि गरिदिन्छ । परिवार, समाज र राष्ट्र प्रतिको कर्तव्यलाई बोध गराउछ । आत्मनिर्भर हुनको लागि बाटो देखाउछ ।

महिलाहरु समुहमा आवद्ध हुनु अघि र आवद्ध भएपछिको अवस्थामा निकै नै परिवर्तन आएको पाईयो । हिजो सम्म आफ्नै घरभित्र स-साना निर्णयमा सहभागी नहुने महिला आज आएर समाजका महत्वपूर्ण निर्णयमा भाग लिएको देख्न सकिन्छ । आफ्नो श्रीमान र घरमा निर्भर महिलाहरु बिस्तारै आफै आत्मनिर्भर बन्दै गएको देख्न सकिन्छ । पारिवारिक निर्णयमा पनि सहभागीता जनाएको देख्न सकिन्छ । घरभित्रको काममा मात्र सिमित रहेको महिला आज सामाजिक काममा पनि सक्रिय भएको पाउन सकिन्छ । यसरी महिलाहरु समुहको माध्यमबाट आफूलाई निरन्तर अगाडि बढाइरहेको पाईन्छ ।

आज भन्दा अगाडीका अध्ययन अनुसन्धानमा प्राय त्यस्ता महिलाहरु जो शिक्षित थिए उनीहरु सशक्त बने ? भन्ने किसिमका थिए । मैले मेरो यो लेखमा के आज सबै शिक्षित ( जसले उच्च शिक्षा ) हासिल गरेका छन् त्यस्ता महिला मात्र सशक्त बनेको छ त ? शिक्षा भन्दा अरु नै माध्यमबाट पनि महिलाहरु आफुलाई आत्मनिर्भर र सशक्त बनाइरहेका छन् । त्यसका लागि महिला समुहहरुको भुमिका के कस्तो छ जसले चाहि साक्षर महिलाहरुलाई पनि  सशक्त बनाईरहेका छन् भनी हेर्न खोजेको छु ।

# अध्याय - तीन

# अध्ययन विधि

## ३.१ अध्ययन क्षेत्र छनोटको औचित्य

मुलुकको विकास, प्रगति र जागरणमा दुवै पुरुष र महिला समान रुपले हुनु जरुरी छ तर हाम्रो देश नेपालमा अझै महिलाहरुको स्तर पुरुषहरुको समान हुन सकिरहेको छैन । विशेष गरी महिलाहरु अझै पनि सामाजिक, आर्थिक, शैक्षिक रुपमा पछाडी नै छन् । तर महिला जागरणमा थुप्रै संघसंस्थाहरु, विभिन्न एन.जि.ओ., आई.एन.जि.ओ. हरु समेत लागि परेका छन् र सोचे अनुरुप परिवर्तन भने हुन सकिरहेको छैन ।

मैले अध्ययन गर्न लागेको क्षेत्र धरान उपमहानगरपालिका वडा नं ६ स्थित अन्नपूर्ण महिला समुहमा आवद्ध महिलाहरुको समाजिकीकरण र जागरणसँग सम्बन्धित कमीकमजोरीहरु, महिला दिदीबहिनीहरुको सोच, महिला समुहको स्थापन पछि आएका सकारात्मक परिवर्तन र सशक्तिकरणको विषयसँग सम्बन्धित छ ।

## ३.२ अनुसन्धानको ढाँचा

कुनै पनि सत्य तथ्यको नजिक पुग्नको लागि शोधकर्ताले अनुसन्धानको क्रममा वैज्ञानिक अध्ययन पद्धतीलाई अपनाउनुपर्ने हुन्छ । यस अध्ययनका लागि वर्णनात्मक र विश्लेषणात्मक विधि प्रयोग गरि तथ्याङ्क संकलन गरिएको छ । यस अध्ययनको लागि सम्बन्धित व्यक्ति सँग सोधपुछ गरी तथ्यपूर्ण जानकारी हासिल गरेर घटनाको विश्लेषण गरिएको छ । यस अध्ययनमा वर्णनात्मक तरिकाबाट अन्नपूर्ण महिला समुहका महिलाहरुको सामाजिक, शैक्षिक स्तर र आर्थिक अवस्था र जागरण पक्षको वर्णन गरिएको छ । यसरी यस अनुसन्धानमा वर्णनात्मक र विश्लेषणात्मक दुबै विधि प्रयोग गरिएको छ ।

## ३.३ तथ्याङ्कको प्रकृति र स्रोत

यस अध्ययनमा तथ्याङ्कहरु गुणात्मक र संख्यात्मक दुई प्रकारका छन् । यस शोधमा प्राथमिक र द्वितिय दुबै स्रोतहरुबाट तथ्याङ्कहरु संकलन गर्ने प्रयास गरिएको छ । तथ्याङ्कहरु संकलन गर्ने क्रममा प्रथामिक स्रोत लाई महत्वपूर्ण मानिन्छ । प्राथमिक स्रोत अन्तर्गत तथ्याङ्क संकलन गर्दा शोधकर्ता स्वयम् सम्बन्धित ठाउँमा गएर अवलोकन, प्रश्नावली र

अन्तर्वार्ताबाट तथ्याङ्कहरु संकलन गरिन्छ र यो स्रोतको सहायत लिई यो शोधकार्य पुरा गरिएको छ । तथ्याङ्कहरु संकलन गर्ने क्रममा द्धितिय स्रोतको पनि सहयोग लिइएको छ । यसमा विभिन्न पत्रपत्रिकामा लेखिएका लेखहरु, पुस्तकहरु, फेसवुक तथा इन्टरनेटमा लेखिएका लेखहरु पनि लिइएको छ ।

## ३.४ नमुना छनौट विधि

यो अध्ययनको लागि अध्ययन क्षेत्र धरान उपमहानगरपालिका स्थित वडा नं ६ मा अवस्थित अन्नपूर्ण महिला समुह रहेको छ । यो अध्ययनको लागि अध्ययन क्षेत्रमा रहेका जम्मा ५० महिला सदस्यहरु नमुनाको रुपमा छनौट गरिएको छ । नमुना छनौटमा परेका प्रत्येक महिलाहरु उत्तरदाताहरु रहेका छन् । यो अध्ययनका लागि मुख्य सुचक (Key Informants) को रुपमा अन्नपूर्ण महिला समुहका अध्यक्ष, कोषाध्यक्ष, सचिव र महिला समुहका सक्रिय सदस्यहरु रहेका छन् । उपयुक्त प्रश्नावली, अन्तवार्ता मार्फत सूचना संकलन गरिएको छ । यसमा जनसंख्या विधिबाट नमुना छनौट गरिएको छ ।

## ३.५ तथ्याङ्क संकलन विधि

यस शोध कार्यमा  द्धितिय स्रोतबाट प्राप्त तथ्याङ्कका अतिरिक्त प्राथमिक स्रोत र सामाग्रीलाई समेत सूचना संकलनका निम्ति महत्व दिइएको छ । त्यसैले प्राथमिक तथ्याङ्क संकलन गर्दा अवलोकन, अन्तर्वार्ता, प्रश्नावली, जानकार व्यक्तिसँग छलफल आदि जस्ता विधिलाई अधिक मात्रामा प्रयोगमा ल्याइएको छ । त्यस्तैगरी नमुना छनौटमा परेका पचास जना महिलाहरुबाट यस अध्ययनको लागि आवश्यक विभिन्न जानकारी र तथ्याङ्क संकलन गर्ने कोसिस गरिएका छ ।

### (क) अन्तर्वार्ता अनुसूची

विभिन्न प्रश्नहरुको माध्यमबाट यस अन्नपूर्ण महिला समुहको बारेमा विभिन्न तथ्याङ्क संकलन गर्ने उद्देश्यले महिलाहरुको सामाजिक पक्ष, आर्थिक पक्ष, शैक्षिक स्तर आदिको बारेमा जान्ने कोशिस गरिएको छ । महिलाहरुको सोचमा कतिको परिवर्तन देखा परेको छ वुझ्न प्रयास गरिएको छ । प्रश्नावली विधि मार्फत महिलाहरुलाई उनीहरुको सामाजिक दायित्व, पारिवारिक जिम्मेवारी, कर्तव्य, आर्थिक पक्ष, सचेतना सम्बन्धि विविध पक्षहरु सम्बन्धि विभिन्न प्रश्नावली तयार पारी तथ्याङ्क संकलन गर्ने कोशिस गरिएको छ ।

### (ख) समुहगत छलफल

अध्ययन क्षेत्रमा भएका महिलाहरुको समुहले गर्ने विभिन्न क्रियाकलापका साथै उनीहरुको नियमित बैठकहरुमा समेत उपस्थित भएर उनीहरुसँग छलफल तथा अनौपचारिक छलफल र कार्यकारीणी समितिको पदाधिकारीहरुसँग समेत छलफल गरिएको छ ।

## ३.६ अध्ययनको सीमा

धरान उपमहानगरपालिका स्थित सम्पूर्ण महिला समुहहरुको अध्ययन गर्न  गाह्रो हुने भएकोले वडा नं ६ स्थित अन्नपूर्ण महिला समुहको मात्र सामाजिक, आर्थिक र शैक्षिक पक्षको जानकारी र महिला समुहमा आवद्ध भएपछि महिला सशक्तिकरण र जागरणमा महिला समुहको टेवा सम्बन्धि गरिएको छ । यस अध्ययनको सीमा यस प्रकार छ ।

१. यस अध्ययनको क्षेत्र मूख्य रुपमा धरान स्थित वडा नं ६ मा नै सीमित रहेको छ ।

२. अध्ययनको लागि यस अन्नपूर्ण महिला समुहमा आवद्ध महिलाहरु पचास मध्ये दश जना महिलाहरुको नमुना छनौट विधिबाट अध्ययन गरिएको छ ।

३. यस महिला समुहमा आवद्ध महिलाहरुको सामाजिक, आर्थिक र शैक्षिक पक्षको बारेमा अध्ययन केन्द्रीत छ ।

४. यस अध्ययनले सम्पूर्ण धरान उपमहानगरपालिकाका महिलाहरुको प्रतिनिधित्व गर्छ भन्न पनि सकिन्दैन ।

# अध्याय - चार

# अध्ययन क्षेत्रको परिचय

## ४.१ अध्ययन क्षेत्रको भौतिक तथा सांस्कृतिक पक्ष

प्रदेश नं १ मा अवस्थित धरान, नेपालकै एक सुन्दर तथा विविध सांस्कृतिक विविधता भएको सहर हो । यो प्रदेश नं १ को सुनसरी जिल्लामा पर्दछ । धरानको पूर्वमा केरावारी गाउँपालिका, पच्चिममा वरहा नगरपालिका, उत्तरमा साँगुरीगढी र दक्षिणमा चारकोसे झाँडी रहेको छ । धरान उपमहानगरपालिकामा जम्मा २० वटा वडाहरु मध्ये वडा नं ६ स्थित अन्नपूर्ण महिला समुह यस अध्ययनको क्षेत्र हो । धरान उपमहानगरपालिकाको कुल क्षेत्रफल १९२.६१ वर्ग कि.मी रहेको छ । वि.सं २०६८ को जनगणना अनुसार यस उपमहानगरपालिकाको जनसंख्या १,३७,७०५ रहेको छ ।

यो अध्ययन क्षेत्रभित्र विभिन्न वडाहरुमा विभिन्न महिला समुहहरु स्थापना भएको पाईन्छ । वडा नं ६ स्थित अन्नपूर्ण महिला समुहको स्थलगत अध्ययनको क्रममा यस वडामा जम्मा ७,११० जनसंख्या जसमध्ये पुरुषको संख्या ३,४४५ र महिलाको संख्या ३,६६५ रहेका छन् ।

**तालिका - ४.१**

**लिङ्गको आधारमा जनसंख्याको विवरण**

| लिङ्ग | संख्या | प्रतिशत |
|---|---|---|
| महिला | ३,४४५ | ४८.४५ |
| पुरुष | ३,६६५ | ५१.५५ |
| जम्मा | ७,११० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७७

यो अध्ययन क्षेत्रका मानिसहरुको मुख्य पेशा व्यापार, बैदेशिक रोजगार, कृर्षि, नोकरी आदि रहेको छ ।  यस अध्ययन क्षेत्रमा मिश्रित समुदायको वसोवास रहेको छ । राई, लिम्वु, नेवार,

छेत्री, मगर, तामाङ, ब्राम्हण आदि जातिको बसोवास रहेको छ । यस क्षेत्रका मानिसहरुको मुख्य चाडपर्व दशै, तिहार माघे संक्रान्ति, चन्डी पुर्णिमा आदि हुन् । यस क्षेत्रमा दुई सरकारी विद्यालय र केही नीजी विद्यालयहरु पनि छन् । यस वडाको ज्यादै नजिक त्रिभुवन विश्वविद्यालय अन्तर्गतको आङ्गीक महेन्द्र बहुमखी क्याम्पस पर्दछ । यस वडाका मानिसहरु संचारका विभिन्न साधनहरु मोवाइल, टेलिफोन, ईमेल, इन्टरनेट आदिको प्रयोग गरेको पाईन्छ ।

अध्ययनको क्रममा महिलाहरु जम्मा भएको बेला सबै महिलाहरुसँगको छोटो अन्तरक्रियावबाट यस वडामा हाल थुप्रै सामाजिक कार्यहरु समेत हुदै आइरहेको र विभिन्न सामाजिक कार्यहरुमा महिला समुहको सक्रियता बारे पनि थुप्रै कुराहरु जान्न पाईयो ।

## ४.२ उत्तरदाताहरुको जनसांख्यिकीय जानकारीहरु

यो अध्ययनको उद्देश्य अनुरुप यस अन्नपूर्ण महिला समुहको स्थलगत भ्रमण तथा उत्तरदाताहरुसँगको प्रत्यक्ष अर्न्तवार्ताबाट विभिन्न कुराहरुको जानकारी हासिल गरिएको छ । यो मिश्रित जातजाती बसोबास भएको ठाउँ हो । यहाँका उत्तरदाताको रुपमा रहेका महिलाहरुको बारेमा केही सामान्य सुचनाहरुलाई तल व्याख्या गरिएको छ :

### ४.२.१ उत्तरदाताहरुको जातीय विवरण

अध्ययन क्षेत्रका महिलाहरु विभिन्न जातजाती रहेको पाईयो । धरान उपमहानगरपालिका स्थित वडा नं ६ को अन्नपूर्ण महिला समुह जम्मा ५० घरधुरीहरु मध्ये १६ धुरी क्षेत्री, १४ धुरी राई, १० धुरी लिम्वु, ५ धुरी मगर र ५ धुरी दलित जातिको रहेको पाइयो ।

### ४.२.२ उत्तरदाताहरुको पारिवारिक आकार

यस क्षेत्रमा पनि नेपालका अन्य क्षेत्रहरुमा जस्तै दुई प्रकारको परिवारहरु रहेको पाईन्छ । यसरी रहेका एकल र संयुक्त परिवारको संख्यालाई निम्न तालिकामा देखाइएको छ :

**तालिका - ४.२**

**परिवारको किसिम**

| परिवारको किसिम | संख्या | प्रतिशत |
|---|---|---|
| एकल | ३४ | ६८ |
| संयुक्त | १६ | ३२ |
| जम्मा | ५० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७७

यसरी हेर्दा अध्ययन क्षेत्रभित्र संयुक्त परिवारको रुपमा सासु, ससुरा, दाजुभाईसँग सगोलमा बस्ने महिलाको संख्या १६ जना अर्थात ६८ प्रतिशत पाइयो भने एकल रुपमा आफ्नो श्रीमान र छोराछोरी सँग मात्रैको परिवारमा बस्ने महिलाहरुको संख्या १६ अर्थात ३२ प्रतिशत पाइयो । यहाँ संयुक्त भन्दा एकल परिवारमा बस्ने महिलाहरु संख्या धेरै पाइयो । शहरीकरणको वढि प्रभावल यहाँ देखिन्छ ।

**तालिका - ४.३**

**उत्तरदाताको परिवारको संख्या**

| परिवारको संख्या | संख्या | प्रतिशत |
|---|---|---|
| ४ जनासम्म | ३० | ६० |
| ५ देखी ७ सम्म | १५ | ३० |
| ७ भन्दा बढी | ५ | १० |
| जम्मा | ५० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७७

माथिको तालिका नं ४.३ को आधारमा सबैभन्दा बढी ४ जना सम्मको परिवार संख्या ३० रहेको पाइयो त्यसैगरी सबैभन्दा कम ७ जनाभन्दा बढी परिवार संख्या ५ पाइयो । यसबाट के भन्न सकिन्छ भने अन्नपूर्ण महिला समुहमा एकल परिवार अर्थात ४ जनासम्मको वाहुल्यता रहेको पाइयो । सानो र सुखी परिवार रहेको पाइयो ।

### ४.२.३ उत्तरदाताहरुको उमेरगत समुह

यस अन्नपुर्ण महिला समुहका महिला सदस्यह प्राय विवाहित छन् भने कोही अविवाहित पनि छन् । तर सबै महिलाहरु २१ वर्ष भन्दा बढी उमेर भएका महिलाहरु छन् तर विभिन्न उमेर समुहका महिलाहरु यो समुहमा आवद्ध रहेको पाइन्छ जसलाई तलको तालिकाबाट देखाउन सकिन्छ :

**तालिका - ४.४**

**उत्तरदाताहरुको उमेर समुह**

| उमेर समुह | संख्या | प्रतिशत |
|---|---|---|
| २० देखि ३० वर्ष | ५ | १० |
| ३० देखि ५० वर्ष | ३५ | ७० |
| ५० देखि माथी | १० | २० |
| जम्मा | ५० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७७

उत्तरदाताहरुको उमेर समुह सम्बन्धि माथिको तालिकालाई हेर्दा जम्मा २० प्रतिशत उत्तरदाताहरु परिपक्क अर्थात ५० वर्षभन्दा बढी उमेर समुहको पाइन्छ । २० देखि ३० वर्ष सम्मको महिलाहरुको संख्या ५ अर्थात १० प्रतिशत रहेको पाइयो भने ३० वर्ष देखि ५० वर्ष सम्मका महिलाहरुको संख्या ७० अर्थात ७० प्रतिशत रहेको पाइयो । यहाँ २० वर्ष भन्दा मुनिका महिलाहरु उत्तरदाताको रुपमा भेटिएका छैनन् ।

### ४.२.४ उत्तरदाताहरुको शौक्षिक स्थिति

धरान उपमहानगरपालिकाको रुपमा विकास भइसकेको अवस्था तथा विभिन्न सरकारी र नीजि शैक्षिक संस्थाहरु यहाँ प्रयाप्त मात्रामा भएता पनि महिलाहरुको शैक्षिक स्तर भने उच्च देखिन्दैन । अन्नपूर्ण महिला समुहका महिलाहरुको शैक्षिक स्थितिलाई निम्न अनुसार तालिकामा देखाउने प्रयास गरिएको छ :

**तालिका - ४.५**

**उत्तरदाताहरुको शैक्षिक स्थिति**

| शैक्षिक स्थिति | संख्या | प्रतिशत |
|---|---|---|
| निरक्षर | ३ | ६ |
| साक्षर | ३१ | ६२ |
| एस.एल.सी. | ११ | २२ |
| उच्च शिक्षा | ५ | १० |
| जम्मा | ५० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७७


माथिको तालिका ४.५ लाई हेर्दा अध्ययन क्षेत्रमा महिलाहरुको शैक्षिक स्तर राम्रो मान्न सकिन्दैन । निरक्षर महिला संख्या ६ प्रतिशत रहेको पाइयो भने साक्षरता प्रतिशत ६२ रहेको पाइयो । एस.एल.सी. तह सम्मको शिक्षा हासिल गर्ने महिलाहरुको संख्या ११ अर्थात २२ प्रतिशत रहेको पाइयो । उच्च शिक्षा हासिल गर्ने महिलाहरुको संख्या ५ अर्थात १० प्रतिशत रहेको छ । समग्रमा अन्नपुर्ण महिलाहरुको शैक्षिक स्तर ज्यादै न्यून छ तर शैक्षिक लहर भने यहाँका महिलाहरुमा छाएको पाइयो । शैक्षिक महत्वको महसुस सबैमा देखिन्छ ।

### ४.२.५ उत्तरदाताहरुको मुख्य पेशा

अन्नपूर्ण महिला समुहका महिलाहरु प्राय गृहिणी छन् तर घरयासी काम सकेपछि भने केही आयमुलक कामहरुमा संलग्न रहेको पाइयो ।

**चित्र ४.१**

**उत्तरदाताहरुको मुख्य पेशा**




स्रोतः स्थलगत सर्वेक्षण, २०७७

मथिको चित्रलाई हेर्दा अध्ययन क्षेत्रमा रहेका महिलाहरुको शैक्षिक स्तर पनि कम भएकोले सरकारी सेवामा खासै पहुँच देखिदैन । अध्ययन क्षेत्रको महिलाहरुको पेशालाई अध्ययन गर्दा सबैभन्दा धेरै महिलाहरु कृषि पेशामा संलग्न भएको पाईयो । कृषि पेशामा २६ जना महिलाहरु संलग्न रहेको पाईयो । कृषि भित्र पनि १० जनाले कुखुरापालन, ५ जनाले तरकारी खेती, ५ जनाले बाखा पालन, ३ जनाले बङ्गुरपालन र ३ जनाले च्याउ खेती गरेको पाईयो । कृषि पेशा पछि महिलाहरु सानो सानो व्यापार पेशामा संम्लग्न रहेको पाईयो । १२ जना मध्ये ३ जनाले सानो होटल, ३ जनाले सानो खाद्य किराना पसल, ४ जनाले कस्मेटिक पसल र २ जनाले व्युटी पार्लर सञ्चालन गरेको पाईयो ।  नोकरी पेशामा ९ जना

मात्र महिलाहरुको संलग्नता पाईयो । ढाका कपडा बुन्ने, ऊनी कपडा बुन्ने जस्ता हस्तकला पेशामा संलग्न महिलाहरुको संख्या मात्र ३ जना पाईयो ।

### ४.२.६ उत्तरदाताहरुको परिवारको वार्षिक आम्दानी

यस अध्ययन क्षेत्रका मिस्रित जातजाती बस्ने भएकोले यस क्षेत्रका महिलाहरु र उनीहरुको घरको आम्दानीको स्रोत कृर्षि, व्यापार, नोकरी, घर भाँडा दिएबापत आउने रकम, हस्तकला, पशुपालन र अन्य आयमुलक कामहरु पर्दछ । यहाँका अधिकांश महिलाहरुको मुख्य आम्दानीको स्रोत भनेको नै कृर्षि हो ।

**तालिका ४.६**

**उत्तरदाताहरुको परिवारको वार्षिक आम्दानी**

| वार्षिक आम्दानी | संख्या | प्रतिशत |
|---|---|---|
| ५०,००० - १,००,००० | २ | ४ |
| १,००,००० - १,५०,००० | ५ | १० |
| १,५०,००० - २,००,००० | २२ | ४४ |
| २,००,००० भन्दा माथी | २१ | ४२ |
| जम्मा | ५० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७७


यसरी तालिकाको अध्ययन गर्दा अध्ययन क्षेत्रमा रहेका महिलाहरुको घरको वार्षिक आम्दानी राम्रै रहेको पाइयो । ज्यादै कम वार्षिक आम्दानी हुने महिलाहरु मात्रै ४ प्रतिशत पाइयो । १,००,००० देखी १,५०,००० सम्म वार्षिक आम्दानी हुने महिलाहरुको परिवारको संख्या ५ अर्थात १० प्रतिशत पाइयो । त्यस्तै १,५०,००० देखी २,००,००० सम्म वार्षिक आम्दानी

हुने महिलाहरुको परिवारको संख्या २२ अर्थात ४४ प्रतिशत पाइयो । त्यसैगरी २,००,००० भन्दा बढी वार्षिक आम्दानी हुने महिलाहरुको परिवारको संख्या २१ अर्थात ४२ प्रतिशत पाइयो । अध्ययन क्षेत्रको परिवारको आम्दानीको मुख्य स्रोत भनेको कृर्षी, व्यापार, नोकारी, वैदेशिक रोजगार आदि रहेको छ ।

### ४.२.७ उत्तरदाताहरुको परिवारमा भु-स्वामित्वको स्थिति

अध्ययन क्षेत्रमा रहेका महिलाहरको पारिवारिक संरचना पितृसत्तात्मक नै पाइयो । सबै महिलाहरुले घरमा घरमुलीको रुपमा आफ्नो पतिको नाम लिए । परिवारमा कुनै पनि निर्णय गर्दा पनि पतिकै निर्णय अन्तिम हुने समेत अध्ययनमा पाइयो र हालमा आएर केही महिलाहरुको परिवारको जमिनमा केहीको आफ्नो नाममा पास गरेको समेत अध्ययनमा आएको छ । उनीहरुमा रहेको भु-स्वमित्वको स्थितिलाई निम्न अनुसार चित्रबाट देखाउन सकिन्छ :

चित्र ४.२




स्रोतः स्थलगत सर्वेक्षण, २०७७

मथिको चित्रलाई हेर्दा महिला समुहमा आवद्ध रहेका महिला उत्तरदाताहरुको नाममा खासै जमिनमा स्वमित्व देखिन्दैन । ६० प्रतिशत महिलाहरुका परिवारमा जमिनको स्वमित्व ससुरा वा सासुको नाममा रहेको पाइयो भने ३५ प्रतिशत महिलाहरुको जमिनको स्वामित्व

उनीहरको पतिको नाममा रहेको पाइयो । त्यस्तै ५ प्रतिशत महिलाहरुको मात्रै उनीहरुकै स्वामित्वमा जमिन रहेको पाइयो । यसबाट स्पष्ट रुपमा या भन्न सकिन्छ की केही महिलाहरुको नाममा जग्गा पास भएको संकेतबाट अब यस अध्ययन स्थलमा बिस्तारै पुरुषहरु समेत महिलाहरुलाई जमिनको स्वामित्वको रुपमा लिन थालेको पाइन्छ ।

### ४.२.८ उत्तरदाताहरुको धर्म सम्बन्धी विवरण

नेपालमा विभिन्न जातजातीहरु बसोवास गरेको पाइन्छ । त्यस्तै गरी नेपाल चार जात छत्तीस वर्णको एउटै मालामा उनेर बनेको फूलमाला हो । नेपालमा मानिसहरु विभिन्न धर्महरु अबलम्बन गरी जिवनयापन गर्दै आएका छन् । नेपालमा प्रमुख धर्ममा हिन्दु, वौद्ध, मुस्लीम, किरात, क्रिस्टीयन आदि पर्दछन् । अध्ययन क्षेत्रका महिलाहरुको मान्ने धर्मलाई निम्नानुसार तालिकाबाट देखाउन सकिन्छ ।

**तालिका ४.७**

**उत्तरदाताहरुको धर्मको विवरण**

| धर्म | संख्या | प्रतिशत |
|---|---|---|
| हिन्दु | २५ | ५० |
| किराँत | १७ | ३४ |
| क्रिस्टियन | ५ | १० |
| वौद्ध | ३ | ६ |

स्रोत : स्थलगत सर्वेक्षण, २०७७

माथीको तालिका अनुसार अध्ययन क्षेत्रमा सवभन्दा बढी हिन्दु धर्म मान्ने महिलाहरुको संख्या २५ अथवा ५० प्रतिशत पाइयो । त्यसपछि किराँत धर्म मान्ने महिलाहरुको संख्या १७ अथवा ३४ प्रतिशत पाइयो । त्यसैगरी क्रिस्टियन धर्म मान्ने महिलाहरुको संख्या भने ५ अथावा १० प्रतिशत पाइयो । सवैभन्दा कम वौद्ध धर्म मान्ने महिलाहरुको संख्या ३ अथवा ६ प्रतिशत पाइयो ।

# अध्यय - पाँच

## महिला समुहको स्थापनाका कारणहरु र यसको प्रभाव

यस अनुसन्धानको अध्ययन स्थल धरान उपमहानगरपालिका स्थित वडा नं ६ को अन्नपूर्ण महिला समुह हो जसको स्थापना वि.सं २०६५ सालमा भएको हो । धरान उपमहानगरपालिका विभिन्न टोलहरुमा विभिन्न नाम सहित महिला समुहहरु स्थापित छन् । जुन एउटा लहर झै फैलिदैं यहाँका महिलाहरुले पनि आफ्ना वडामा महिलाहरु संगठित हुनुपर्ने महसुस गरी महिला समुहको विधिगत स्थापना गरेका हुन् । हाल यस महिला समुहका अध्यक्ष देवी बस्नेत हुन् । उनका अनुसार महिला समुहको स्थापना हुनु अगाडी महिला जागरण र सशक्तिकरणमा महिलाहरु ज्यादै पछाडी थिए । महिलाहरु मात्रै घरयासी कामकाजमा अल्झीएका देखिन्थे । महिलाहरुको प्रौढ शिक्षामा पनि समाजको अभिन्न अंगको रुपमा छु भन्ने ज्ञानको कमी थियो । महिला समुहको कुरा चल्दा पुरुषहरुले खासै यसमा चासो नदिएको समेत उनी सम्झनु हुन्छ ।

यस अध्ययनको मुख्य सुचनादाताको आधारमा टोलमा विभिन्न विकृति, अन्धविश्वास व्याप्त भएको समाज विकास हुन कठिन भइरहेको अवस्था थियो भने समाज निर्माण कार्य पनि सन्तोषजनक रुपमा हुन नसकिरहेको अवस्था थियो । महिलाहरुमा घरायसी कामकाज बाहेक कुनै आयमुलक काम थिएन जसले गर्दा आर्थिक रुपमा निकै न्यून सक्रियता थियो । सानो रकमको बचतबाट पनि संगठित रुपमा महिलाहरुले लाभ लिन सकिन्छ र आत्मनिर्भर हुन सकिन्छ भन्ने धारणामा कमी थियो । (स्थलगत सर्वेक्षण, २०७७)

### ५.१ महिला सशक्तिकरणको लागि महिला समुहको महत्व

यस अन्नपूर्ण महिला समुहको स्थापना भएपछि महिलाहरु हरेक महिना भेला हुने, संगठित हुने, सामुहिक छलफल हुने, ज्ञानका कुराहरु आदानप्रदान हुने जस्ता क्रियाकलाप कुने हुँदा महिलाहरुमा विस्तारै नयाँ सोचको विकास हुदै आइरहेको पाइन्छ भने अन्धविश्वास, सामाजिक विकृति विरुद्ध सजक समेत हुन थालेको पाइन्छ । महिला समुहको स्थापनाले महिलाहरु सशक्तिकरण हुँदै आइरहेको पाइन्छ । तर सबै महिलाहरको चेतनाको स्तर

समानता नभएको कारण महिलाहरुमा परिवर्तनको आवश्यकता छ । यस अन्नपूर्ण महिला आवद्ध हुनाका कारणहरु निम्न अनुसार देखाउन सकिन्छ ।

**तालिका ५.१**

**समुहमा आवद्ध हुनुका कारणहरु**

| आवद्ध हुनुका कारणहरु | संख्या | प्रतिशत |
|---|---|---|
| अरुले भाग लिएको देखेर | १० | २० |
| सशक्तिकरण चाहेर | ३५ | ७० |
| परिवारले भनेर | ५ | १० |
| जम्मा | ५० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७७


तलिका ५.१ अनुसार तथ्याङ्क अनुरुप विशेष गरी चेतनाको स्तर केही बढी भएका अगुवा महिलाहरुको सक्रिय भुमिका स्वरुप ३५ महिला अथवा ७० प्रतिशत महिलाहरु स्वयम् सशक्तिकरण चाहेर यस महिला समुहमा आवद्ध गहेको पाइयो । त्यस्तै गरी १० जना महिला अथवा २० प्रतिशत महिलाहरु टोलमा सवै महिलाहरु संगठित भएको देखेर यसमा आवद्ध हुन आएको पाइयो भने मात्रै १० प्रतिशत अथवा ५ जना महिलाहर चाहि परिवारको अन्य सदस्यहरुले भनेर यस महिला समुहमा आवद्ध भएको पाइयो ।

## ५.२ महिला समुहको स्थापनापछि महिला संगठित र एकतामा समुहको भुमिका

अन्नपूर्ण महिला समुहमा जम्मा ५० सदस्यहरु छन् र महिलाहरु यस समुहमा समान हैसियत राख्दछन् । कार्यवहन गर्न यस समितिमा अध्यक्ष, कोषाध्यक्ष, सचिव, उपसचिव र सदस्यहरुको छुट्टै समिति गठन गरेका छन् जसमा अध्यक्षको भुमिका देवी बस्नेतले लिएकी छिन् । उनका अनुसार महिला समुहको गठनपछि सबै महिलाहरु एक भएका छन् । आपसमा सहयोगी मेलमिलापका वातावरण सृजना भएको पाइन्छ । सामाजिक कार्यक्रममा, विवाह, टोल सरसफाइ, टोल निर्माण, भोज, ब्रतवन्ध आदि सामाजिक कार्यहरुमा एकता भई सक्रिय सहभागिता सबै महिलाहरुको समान पाइन्छ र यसमा महिलाहरु संगठित छन् ।

**चित्र ५.१**

**उत्तरदाताहरुको महिला संगठन र एकता हुनुका कारणहरु**




स्रोत : स्थलगत सर्वेक्षण, २०७७

यसरी माथीको तथ्याङ्क अनुसार महिला समुहमा महिलाहरु एकता र संगठित हुनुमा विभिन्न फाइदाहरु उत्तरदाताहरुबाट व्यक्त गरियो । १० जना महिलाहरुले महिला समुहबाट आपसी सहयोग र मेलमिलाप बढाउने विचार राखे भने १५ जना महिलाले महिला विकास र आत्मनिर्भर हुने कुरा व्यक्त गरे । त्यस्तै २० जना महिलाले भने महिला समुहको स्थापनाले सहयोग र आत्मनिर्भर दुबै भएको विचार व्यक्त गरे र ५ जना महिलाहले भने एकै गाउँठाउँको वासिन्दा भएकोले महिला समुहमा आवद्ध भएको विचार व्यक्त गरेको पाइयो ।

## ५.३ स्थानिय महिलाहरुको आर्थिक सुधारमा पारेको प्रभाव

महिला समुहको स्थापना भएपछि महिलाहरु आर्थिक रुपमा केही सवल हुदै आइरहेको देखिन्छ । मुख्य रुपमा कृषि, घरयासी कामबाट कुनै खासै आर्थिक सुधार नभएकोले उनीहरुको जीवनस्तर निकै न्यून थियो तर महिला समुहको स्थापना भएपछि हरेक मासिक रुपमा सानै भएपनि निश्चित रकम बचत गर्नुपर्ने हुँदा महिलाहरुमा बचत गर्नुपर्ने धारणको विकास भएको छ । घरमा आयस्रोतको सहि सदुपयोग गर्ने र निश्चित रकम वचत स्वरुप राख्नु पर्ने धारणको समेत विकास भएकोले महिलाहरुले आम्दानीको उचित प्रयोग गरेको

पाइयो र समुह मार्फत ऋण लिएर आयमुलक काममा पनि संलग्नता हुँदै आइरहेको सर्वेक्षणले देखाउँछ ।

अन्नपूर्ण महिला समुहका महिलाहरुले मासिक १०० रुपैयाको दरले बचत गर्दै आइरहेको पाइयो । यसरी मासिक रुपमा संकलित रकम ऋण सापटीको रुपमा लगानी गर्दा एकातिर लगानीमा प्राप्त व्याजले समुहको आर्थिक स्तर बढाई सामाजिक काममा समेत सरिक हुने अवसर प्राप्त भयो । यस महिला समुहका कोषाध्यक्ष अनुसार रकम जम्मा गरी यस रकमको राम्रो सँग विवरण राख्ने र रकमको विवरण, ऋण दिने र व्याजको हिसाब सवै उनले समेत बताउनु भयो । (स्थलगत सर्वेक्षण, २०७७)

### ५.४ मासिक बचत रकमको सदुपयोग

मासिक संकलित बचत रकमबाट महिलाहरुले केही आयमुलक कामहरु गर्न चाहेमा ऋणको माग गर्न सकिन्छ र महिला समुहमा विशेष गरी महिलाहरु हस्तकलाको काम, सिलाइ पसल, खाजाघर, सानो व्यापार, पसल आदि कामको लागि ऋण लिने गरेको पाइयो । यस अन्नपूर्ण महिला समुहमा ऋण लिँदा ऋणको व्याज निकै कम सहुलियतमा र घट्दो व्याजको रुपमा तिर्नुपर्ने व्यवस्था भएको पाइयो । अध्ययन गर्ने क्रममा अध्ययन गर्ने समयमा जम्मा २५ जना महिलाहरुले समुहबाट विभिन्न शिर्षकमा ऋण लिएको पाइयो ।

**तालिका ५.२**

**ऋणको किसिम**

| ऋणको किसिम | संख्या | प्रतिशत |
|---|---|---|
| पशुपालन | ५ | २० |
| व्यापार | १० | ४० |
| घरयासी कामको लागि | १० | ४० |
| जम्मा | २५ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७२


तालिका ५.३ अनुसार महिला समुहका जम्मा २५ जना महिलाहरुले ऋण लिएकोमा ५ जना महिला अर्थात २० प्रतिशतले पशुपालन गर्ने उद्देश्यले ऋण लिएको पाइयो । कुखरा पालन, वन्गुर पालन र गाई पालन गर्नका लागि महिलाले ऋण लिएको पाइयो । त्यस्तै १० जना महिलाहरुले साना साना व्यापार व्यवसाय गर्नका लागी समुहबाट ऋण लिएको पाइयो । चिया नास्ता पसल, कस्मेटिक पसल, साना साना किराना पसल गर्नका केही महिलाहरुले ऋण लिएको पाइयो । ऋण लिने महिलाहरु मध्ये १० जना महिलाहरुले भने घरयासी कामकाजको लागि ऋण लिएको पाइयो । आफ्नो घरको दैनिक समस्या टार्न व्रतवन्ध, विवाह,चाडपर्वमा मनाउन र छोराछोरीको पढाइको लागि कामहरु गर्न ऋण लिएको पाइयो ।

## ५.५ आम्दानीलाई खर्च गरी बचत रहने नरहने अवस्था

समुहमा आवद्ध महिलाहरु जसले समुहबाट ऋण लिएर व्यवसाय संचालन गरेका छन, ती महिलाहरुले गरेको व्यवसायबाट शुरुवाती चरणमा भएको आम्दानीबाट खर्च कटाएर के कती बचत रहन्छ वा रहन्दैन भनी तलको चित्रबाट देखाउन सकिन्छ ।

**चित्र ५.२**

**आम्दानीलाई खर्च गरी बचत रहने नरहने अवस्था**




स्रोतः स्थलगत सर्वेक्षण, २०७७


यसरी प्राप्त आँकडालाई विश्लेषण गर्दा ऋण लिएर व्यवसाय सञ्चालन गरेका महिलाहरु २५ जना सँग कुराकानी गर्दा २० प्रतिशत महिलाहरुले बचत गर्न नसकेको अवस्था जनायो । किनकी उनीहरुको व्यवसायको शुरुवाती अवस्थामा भएकोले नोक्सान चाँही भएको छैन तर उचित बचत मात्रै हुन नसकेको भनाइ छ तर बाँकी ८० प्रतिशत महिलाहरुले भने धेरै नै मद्दत पुगेको र आम्दानीलाई खर्च गरी पनि केही निश्चित रकम बचतमा आइरहेको जुन हरेक दिन सहकारी संस्थाहरुमा समेत राखी राखेको र सानै रकम भएपनि बचत गर्न सफल भइरहेको भनाइ छ । यसको आशय उनीहरु महिला समुहलाई दिन्छन् । महिला समुहलाई एउटा महिला उत्थानको संस्थाको रुपमा ती महिलाहरू लिन्छन् ।

## ५.६ महिला समुहप्रति महिलाहरुका परिवारका सदस्यहरुको प्रतिक्रिया

समुहबाट ऋण प्राप्त गरी आर्थिक सशक्तिकरण स्वयम् महिला एकको मात्रै उन्नति हुन नपुगी उनको परिवार र समग्रमा समाजको समेत आर्थिक हैसियत उच्च हुन पुगेको कुरालाई नकार्न मिल्दैन । सुरुसुरुका दिनहरुमा परिवारका सदस्य खासगरी पुरुषहरुबाट त्यति ठुलो सहयोग नपाएको भएतापनि बर्तमानमा आएर प्राप्त आम्दानीले व्यवसाय अघि बढाउन सकेको र समाजमा इज्जत पाएको देखेर परिवारमा समेत महिलाहरुलाई सहयोग गर्ने, पारिवारिक मेलमिलाप, समझदारीमा ठुलो परिवर्तन आएको समेत महिलाहरुको भनाइ छ । परिवारमा महिला समुहका महिलाहरुलाई सहयोग पुऱ्याए नपुऱ्याएको सम्बन्धमा निम्न तथ्याङ्क प्राप्त हुन आउँछ ।

### चित्र ५.३

### क्रियाकलापमा सघाउ पुऱ्याउने नपुऱ्याउने विवरण




स्रोत : स्थलगत सर्वेक्षण, २०७७

चित्र ५.३ बाट के देखाउँछ भने समाजका करिब सम्पूर्ण घरहरुमा अर्थात ४५ महिला सदस्यहरुको परिवारमा अन्य सदस्यहरुबाट महिलाहरुलाई हरेक क्रियाकलापमा सघाएको पाइन्छ भने ज्यादै न्यून जम्मा ५ महिला सदस्यहरुलाई भने परिवारका सदस्यहरुले खासै नसघाएको अवस्था देखिन्छ । यसको आधारमा पनि समाजको विकास निकै तिव्र रुपमा अगाडी बढिरहेको र आर्थिक तथा सामाजिक सशक्तिकरण परिवारका हरेक सदस्यको महत्वपूर्ण भुमिका हुन्छ भन्ने चेतनाको विकास यो टोलमा भएको पाइन्छ ।

### ५.७ स्थानिय महिलाहरुको शैक्षिक विकासमा परेको प्रभाव

महिलाहरु स्वयम्ले महिला समुहमा आवद्ध भइसकेपछि शिक्षाको महत्व बुझ्न थालेको पाइयो । महिलाहरु विभिन्न प्रकारका तालिम, गोष्ठी, सेमिनार, बैठक, भेला आदिमा सहभागी हुनुका साथै आयमुलक काममा समेत सरिक भइ केही रकम समेत आर्जन गर्न सक्ने अवस्थामा पुगेकोले यहाँका महिलाहरु हाल आएर सचेत देखिएको पाइन्छ र यो सबैमा शिक्षाले पार्ने सकारात्मक प्रभाव पनि बुझ्न थालेको पाइन्छ । आफुहरु प्रौढ शिक्षामा सरिक भई साक्षर बन्ने चाहना अनुरुप प्रौढ शिक्षामा समेत भाग लिएको र अक्षर चिन्ने भएको समेत भनाइ महिलाहरुको पाइयो । आफ्नो छोराछोरीहरुलाई अझ राम्रो शिक्षा दिनुपर्दछ र आत्मनिर्भर बनाउनु पर्ने समेत उनीहरुको भनाइ छ ।

**तलिका ५.३**

**प्रौढ कक्षामा महिलाहरुको सहभागिता**

| प्रौढ कक्षा | संख्या | प्रतिशत |
|---|---|---|
| प्रौढ कक्षामा गएको | १० | २० |
| प्रौढ कक्षामा नगएको | ४० | ८० |
| जम्मा | ५० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७७

मथिको तालिका ५.३ बाट प्राप्त तथ्याङ्कलाई विश्लेषण गर्दा प्रौढ साक्षरता कार्यक्रममा स्थानीय महिलाहरुको सहभागिता उल्लेख्य रहेको पाईन्छ । ८० प्रतिशत महिला प्रौढ कक्षामा भाग नलिएको पाइयो किनभने उनीहरु साक्षर भएको र यी कक्षाहरुले साक्षरता बाहेक थप शिक्षा दिन नसक्ने भएकोले प्रौढमा सहभागिता नभएको भनाइ छ भने बाँकी २० प्रतिशत महिलाहरु भने प्रौढ कक्षाहरुमा सहभासगी भई साक्षर हुन सफल भएको, आफ्नो नाम लेख्न सक्ने भएको, मोबाइल चलाउन सक्न सम्म भएको कुराहरु स्वयम् महिलाहरुबाट व्यक्त भएको छ । उनीहरु बाहेक परिवारका अन्य सदस्यहरु समेत यो प्रौढ कार्यक्रमबाट लाभान्वित भएको देखिन्छ । प्रौढ कक्षाका सञ्चालन पनि महिला समुह मार्फत नै हुन हुँदा यसमा सहभागी महिलाहरुको अग्रता निकै राम्रो देखिन्छ ।

# अध्याय - छ

# महिला सशक्तिकरणमा महिला समुहका गतिविधिहरुले पारेको प्रभाव

समाजमा विधमान सामाजिक विसंगति र विकृतिहरुको अन्त्य गर्दै पुरातन समयदेखि महिलाहरु माथि भएको दमन समाप्त पारी उनीहरुको सामाजिक, शैक्षिक एवम् आर्थिक स्तर माथि पुऱ्याउदै जाने लक्ष्य र उद्देश्यका साथ यस महिला समुहको स्थापना भएको पाइन्छ । यसका अतिरिक्त यो महिला समुह आफ्ना गतिविधिहरु मर्फत समाजमा विद्यमान पुरुषवादी हैकम समाप्त पार्नका लागि एवम् महिलाहरुलाई जागरुक पार्न र पुरुषहरुलाई समयानुकुल सुधारका साथै समाज उत्थानमा महिलाहरुको सशक्त भूमिका हुन्छ भन्ने कुराको अनुभुति दिलाउन समेत सफल भएको पाइन्छ । यसका अतिरिक्त यो महिला समुह आफ्नो स्थापनाको छोटो अवधिमा नै समाजमा विदमान विकृतिहरुको अन्त्यका साथै विभिन्न निर्माण प्रक्रियाहरुमा समेत सहभागी भएको पाइन्छ । यो महिला समुहका गतिविधिहरुले उनीहरुको समाज सुधार र महिला सशक्तिकरणमा पारेको प्रभावलाई तल व्याख्या गरिन्छ ।

## ६.१ महिला समुहका गतिविधिहरुले समाजमा ल्याएका सुधार कार्यहरु

धरान उपमहानगरपालिका स्थित वडा नं ६ मा स्थापित अन्नपूर्ण महिला समुहमा जम्मा ५० जना महिला सदस्यहरु छन् । यस अन्नपूर्ण महिला समुहको स्थापना वि.सं २०६५ सालमा सिमित महिला सदस्यहरुबाट शुरु भएको हो । अन्नपूर्ण महिला समुहलाई शुरु शुरुमा सबै पुरुष तथा महिलाहरु स्वयम् पनि यस संस्थाको महत्व बुझ्न गाह्रो भएको थियो । तर पछि गएर सबै महिलाहरुलाई संगठित गर्दै यस संस्थाले यस टोलका महिलाहरु विशेष गरी आर्थिक, सामाजिक र शैक्षिक पक्षलाई जोड दिदै समाज सुधार र महिला जागरण तथा सशक्तिकरणमा ठुलो योगदान दिदै आइरहेको छ । यस अन्नपूर्ण महिला समुह विभिन्न गतिविधिबाट समाजमा धेरै सुधारहरु भएका छन् । समाज सुधारका कार्यहरुमा सडकका छेउछेउमा वृक्षारोपण कार्यक्रम गरेको पाईयो । त्यस्तै गरेर महिलाहरुलाई नगरपालिकाबाट सीपमुलक तालिम माग गरि ५ दिने चुरापोते बनाउने कार्यक्रम सञ्चालन गरेको, चाडपर्वको समयमा आफ्नो बाटो, घर वरिपरिको वातावरणमा सरसफाई गरेको पाईयो, त्यस्तै गरेर महिला जागरण सम्बन्धि कार्यक्रम, महिला हक र अधिकारका बारेमा कार्यक्रम सञ्चालन गरेको, महिला क्षमता अभिवृद्धि कार्यक्रम गरेको पाईयो ।

सबै महिलाहरु संगठित भएका छन् जसले गर्दा समाजमा मेलमिलाप आपसी सहयोगी, माया, प्रेमको भावना जागृत भएको छ । महिला सदस्यहरु विभिन्न समस्यामा छलफल गरी समस्या समाधान गर्न सामुहिक पहल गर्ने गर्दछन् । मासिक रुपमा केही रकम जम्मा गर्दै जम्मा भएको रकमको उचित सदुपयोग गर्ने कार्यमा महिलाहरु सक्रिय हुँदै आइरहेका छन् । विशेष गरि कृषि, हस्तकलाको काम, खाजा घर, कुखुरा पालन, वन्गुर पालन, गाई पालन, तरकारी पसल, किराना पसल, कस्मेटिक पसल आदिमा महिलाहरुको सक्रिया सहभागीता हुदै आइरहेको पाइन्छ । यस समुहका महिलाहरु प्रौढ शिक्षामा पनि संलग्नता हुदै आइरहेको छन् । फलस्वरुप निरक्षर महिलाहरु समेत आफ्नो नाम लेख्न, पढ्न, साना तिना हिसाव किताव गर्न, मोवाइल चलाउन सक्ने समेत भएका छन् ।

यस समुहका महिलाहरु आफ्नो टोलमा सञ्चालित विभिन्न सार्वजनिक कार्यहरुमा सहभागी भई सहयोग गर्ने समेत गर्दै आइरहेका छन् जस्तो बाटो, मन्दिर, पाटी पौवा सरसफाइ कार्यक्रम, फोहरको सहि सदुपयोग कार्यमा, जात्रा, पर्वहरुमा पनि सक्रिय सहभागी भई आफ्नो परम्परा र संस्कृतिलाई संरक्षण गर्ने कार्यमा समेत सहयोग पुऱ्याउदै आइरहेका छन् । यस महिला समुहबाट भोज भतेरमा पनि सामुहिक सहयोग गर्ने स-साना समुहमा विभाजित गरी सहयोग गर्न जाने र आर्थिक रुपमा केही सहयोग गरी समाजमा सहयोगी भावनाको जागृत गरेको छ । मासिक रुपमा सबै महिलाहरु मासिक बचत गर्दै नियमित रुपमा स्वस्थ्य परिक्षण समेत गर्दै आइरहेको छ । जसले गर्दा स्वास्थ्यकर्मीद्धारा उनीहरुको स्वास्थ्य सम्वन्धी विभिन्न सरसल्लाह समेत दिदै आइरहेको छन् । महिलाहरु संगठित भएकै कारण समाजमा देखिदै आइरहेको सामाजिक विकृतिहरु जाँडर, रक्सी खाने, जुवा तास खेल्ने आदि कार्यहरुमा समेत नियन्त्रण हुदै आइरहेको पाइयो ।

### ६.२ महिला समुहको सामाजिक निर्माण कार्यमा संलग्नता

आफ्नो समुहको छोटो समयमा नै यस अन्नपूर्ण महिला समुह विभिन्न खालका सामाजिक विकृतिहरुको अन्त्य गर्न सफल भै उत्साहित महिलाहरु आफ्नो समाजमा विभिन्न कार्यहरुमा जुट्ने निष्कर्षमा पुगे । यो समुहको कोषाध्यक्ष सविता परियारका अनुसार कुनै पनि कार्यको लागि आर्थिक जुटाउनुपर्ने हुनाले उनीहरुले मासिक रुपमा संकलित रकमबाट ऋण वितरण गरी व्याजबाट प्राप्त रकम र निश्चित केही रकमलाई समाज निर्माणमा लगाउने निर्णय सबै महिलाहरु भेला भएको बेला प्रस्ताव पेश गरी सबैबाट सबैको रायसमेत संकलित गरी

उचित रुपमा व्यवस्थित रुपमा सो रकमको सदुपयोग गरिदै आइरहेको छ । हरेक महिनाको अन्तिम दिन अन्नपूर्ण महिला समुहको सबै महिलाहरुबाट टोल सरसफाइ र फोहरको उचित व्यवस्थापन गर्दै आइरहेको कोषाध्यक्षले बताउनु भयो । साथै महिला समुहका अध्यक्ष देवी बस्नेतले अन्नपूर्ण महिला समुहले सामाजिक निर्माण कार्यमा कसरी संलग्नता गरिदै आइरहेको छ भन्ने प्रश्नम यसरी जवाफ दिएकी छिन् :


हाम्रो अन्नपुर्ण महिला समुह स्थापना कालदेखी नै समाज, टोल सुधार र सरसफाइ कार्यमा लागिरहेका छौं । हाम्रो महिला समुहमा जम्मा ५५ पहिले रहेकोमा ५ जना महिला विवाह र बसाइसराइका कारण अन्यत्र गएकोले अहिले यस समुहमा ५० जना महिला सदस्यहरु छन् । हाम्रो महिला समुहबाट आर्थिक रुपमा धेरै सहयोग गर्न नसकेपनि टोल विकास र सुधार र विकासका कार्यहरुमा श्रम सहयोग भने गर्छौ । यस टोलमा वसोवास गर्ने विपन्न परिवारमा कोही विमारी भए भने उपचारको लागि केही आर्थिक सहयोग गर्ने गरेका छौं । हरेक वर्ष वृद्धावृद्धहरुलाई सम्मान गर्ने कार्यक्रम राखेका छौं । पुरुषहरुले आयोजना गरेका विभिन्न कार्यधक्रमहरुमा पनि हाम्रो समुह आवद्ध भएको कार्यक्रमलाई सहयोग गरेका छौं । हरेक महिनाको अन्तिम शनिवार हाम्रो

## ६.३ महिला समुहका गतिविधिहरुले महिला सशक्तिकरणमा पारेको प्रभाव

आफ्नो समाजका महिलाहरुको स्तरवृद्धि गरी उनीहरुलाई सामाजिक रुपले सवल सक्षम र स्वाभिमानी बनाउने प्राथमिक उद्देश्यका साथ स्थापना भएको महिला समुहले आफ्ना गतिविधिहरु मर्फत समाजमा निकै महत्वपूर्ण समाज सुधारका कामहरु गर्नुपरेमा साथै विभिन्न क्षेत्रमा महिलाहरुलाई सशक्त बनाउने कार्यहरु समेत गरिरहेको छ । विशेष गरी महिला सशक्तिकरणको अभियानका रुपमा महिलाहरुको नेतृत्व विकास, राजनैतिक चासोको विकास, सामाजिक एवम् घरयसी निर्णय प्रक्रियामा अग्रणी भूमिका, सामाजिक असमानता निर्मुल, व्याप्त अन्धविश्वास प्रतिको जागरण र जागरुकता जस्ता विषयहरुमा यो महिला समुहले युगान्तकारी विकास गरेको छ । यो समुह टोल, गाउँ विकास कार्यहरुमा पनि सक्रिय सहभागिता जनाउँदै समाजमा बेलाबेलामा हुने विभिन्न निर्माण अभियानहरु जस्तै बाटोको सरसफाइ, वन सफाई, पाटी पौवा मर्मत, धाराको निर्माण, खानेपानी वितरण, बगैचा निर्माण, पोखरीको सरसफाई, मन्दिरको सरसफाई आदि कार्यमा सक्रिय रुपमा स्वेच्छिक रुपमा जुट्ने गरेको पाइन्छ ।

**चित्र ६.१**

**महिला समुहको नियमित बैठकमा उत्तरदाताहरुले भाग लिए नलिएको अवस्था**




स्रोतः स्थलगत सर्वेक्षण, २०७७

यसरी प्राप्त तथ्याङ्कलाई हेर्दा महिला समुहका वैठकहरुमा नियमित रुपमा भाग लिने महिलाहरु ९८ प्रतिशत र कहिलेकाँही घरायसी कामले उपस्थित हुन नसकेका महिलाहरु २ प्रतिशत रहेबाट करिब सम्पूर्ण महिलाहरु वैठकमा उपस्थित हुने कुरा प्रष्ट पार्न सकिन्छ । यसरी माथिको तथ्याङ्कको विश्लेषण गर्दा समुहमा उच्च सदस्यहरु नियमित रुपमा बैठकमा उपस्थित हुने गरेको देखिन्छ, जसले महिला समुहको सकारात्मक पक्षलाई देखाउछ । बैठकबाट धेरै सदस्यहरुलाई के कति बचत रकम संकलन भयो, कहाँ कति रकम लगानी हुदैछ भन्ने कुराको बारेमा जानकारी पाउँदछन् र आफ्नो घरमा विशेष काम पर्यो भने मात्र समुहमा उपस्थित हुन नसक्ने स्थिती देखियो ।

### तालिका ६.१

### महिला समुहका नीति निर्माणमा सुझाव दिए नदिएको सम्बन्धी

| सुझाव दिए नदिएको अवस्था | संख्या | प्रतिशत |
|---|---|---|
| दिन्छु | ४० | ८० |
| दिन्न | १० | २० |
| जम्मा | ५० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७७

यसरी प्राप्त तथ्याङ्कलाई केलाउँदा ८० प्रतिशत महिलाहरु महिला समुहका नीति निर्माण कार्यहरुमा सहभागी हुने गरेको पाइयो भने २० प्रतिशत महिलाहरु यो प्रक्रियामा खासै चासो नराख्ने गरेको पाइयो ।  यस २० प्रतिशत महिलाहरु वृद्ध महिलाहरु हुन जसको उमेर ६० वर्ष पार भएका हुनाले नीति निर्माण कार्यमा खासै ज्ञान नभएकोले चासो कम दिएको पाइयो । यसले के देखाउछ भने धेरै जसो महिलाहरु चाहि समुहको नीति निर्माण कार्यमा चासो राख्दा रहेछन् । नीति निर्माणमा धेरै जसो सहभागी भएपछि त्यसले समुहका सबै जसो सदस्यहरु आफ्नो समुह प्रति सन्तुष्ट रहेको देख्न सकिन्छ ।

## ६.४ घरयासी र पारिवारिक तथा सामाजिक निर्णय सम्बन्धि महिला समुहको भूमिका

### तलिका ६.२

### घरयासी र पारिवारिक तथा सामाजिक निर्णयमा भूमिका

| निर्णयमा भूमिका | संख्या | प्रतिशत |
|---|---|---|
| निर्णय गर्दा सहभागी छैन | ३० | ६० |
| निर्णय गर्दा सहभागी छु | २० | ४० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७७


प्राप्त तथ्याङ्कलाई केलाउँदा ६० प्रतिशत महिलाहरु घरमा कुनै ठोस निर्णय लिँदा सहभागी नभएको पाइयो । पितृसत्तात्मक समाजकै संरचना यस वडामा बस्ने मानिसहरुको पनि पाइयो । उत्तरदाता महिला समुहका सदस्यबाट पनि कुनै ठुलो निर्णय आफ्नो ससुरा, पतिबाट हुने अर्थात धेरै महिलाहरु अझै पनि निर्णय गर्नमा सहभागी नरहेको पाइयो भने ४० प्रतिशत महिलाहरु जो सानो परिवारमा बस्छन वा सानो आकारको परिवारमा छन् उनीहरु भने कुनै निर्णय लिँदा पति र पत्न दुबै सहभागी हुने कुरा व्यक्त गरेको पाइयो । विशेष गरी संयुक्त परिवारमा घरयासी निर्णय गर्दा महिलाहरु सहभागी नहुने गरेको पाइयो । जस्तैः जग्गा जमिन किन्दा, घर बनाउँदा, सवारी साधन (टेम्पो, बाइक, स्कुटर, सइकल) किन्दा, कसेको बिहे, ब्रतबन्धमा सहयोग गर्दा, घरमा गाई, बाखा किन्दा, कृर्षि सामाग्रीहरु किन्दा आदि कुरामा महिलाको सहभागीता नदेखेकिएको पाईयो । त्यसैगरी बच्चाहरुलाई कुन विद्यालय भर्ना गर्ने, लत्ताकपडा किन्दा, खाद्य सामाग्री किन्दा, भान्साको लागि आवश्यक सामाग्री किन्दा भने सहभागी भएको पाईयो ।

यसैगरी कुनै पनि सामाजिक कार्य वा सामाजिक निर्णय सम्वन्धी भन्ने टोलसमाजमा महिलाहरुको प्रतिनिधित्व स्वरुप महिलाहरुलाई पनि निर्णयमा समावेश गर्दै आइरहेको समुहका महिलाहरुले व्यक्त गरेको पाइयो ।

## ६.५ महिला समुहका गतिविधिहरुप्रति समाजको दृष्टिकोण

**चित्र ६.२**

**महिला समुहका गतिविधिहरुप्रति समाजको दृष्टिकोण**





स्रोत : स्थलगत सर्वेक्षण, २०७७

यसरी हेर्दा समाजमा ९८ प्रतिशत पुरुषहरु महिला समुहका गतिविधिहरु प्रति सकारात्मक रहेको र केही अर्थात २ प्रतिशत पुरुषहरु नकारात्मक रहेको पाइयो । पुरुषहरुले सकारात्मक धारणा राख्नुमा जब महिलाहरु समुहमा आवद्ध भए तब उनीहरुमा फजुल खर्च कटौती गरी बचत गर्ने बानीको विकास भयो । समुहमा मिलेर काम गर्दै अगाडी बढ्न सक्ने भए । घरयासी निर्णयमा पनि सहभागीता जनाउन थाले । समाजमा केही भएपनि समाज सुधारका कामहरु गर्न थाले । सार्वजनिक क्षेत्रमा पनि सहभागीता जनाउन थाले । विभिन्न सीप, तालिम प्राप्त गरी आत्मनिर्भर बन्न लागे । महिलाहरु विस्तारै आत्मनिर्भर हुदै गए भने थोरै पुरुषहरुको सोच भने महिला समुहप्रति नकारात्मक रहेको पाईयो । समुहमा आवद्ध भएपछि घरको कामकाजमा बाधा पुगेको साथै महिलाहरु बढी जान्ने सुन्ने भएको भन्ने रहेको छ ।

## ६.६ महिला समुहमा लागेपछि उत्तरदाताहरुले अनुभुति गरेका स्तर परिवर्तन

**चित्र ६.३**

**महिला समुहमा लागेपछि उत्तरदाताले अनुभुति गरेका स्तर परिवर्तन**




स्रोत : स्थलगत सर्वेक्षण, २०७७

यसरी प्राप्त तथ्याङ्कलाई अध्ययन गर्दा २५ महिलाहरु समाजमा आफुहरुको स्तर राम्रो बन्दै आइरहेको अनुभव गरेका छन् भने २० महिलाहरुले आफ्नो स्तर ज्यादै राम्रो अर्थात उच्च रहेको अनुभव गरेका छन् । तर ५ जना महिलाहरुले भने आफ्नो स्तर यथास्थितिमा नै रहेको अनुभव गर्दछन् । ती महिलाहरु अधिकांश वृद्ध महिलाहरु हुन् जसले गर्दा पनि खासै महिला समुहको स्थापनाका निति नियमहरु, कार्यविधि, उद्देश्य, क्रियाकलाप आदि बारे जानकार नभएको र समुहबाट लाभ लिन पनि नसकेको कारणहरु हुन सक्ला ।

यसरी वि.सं २०६५ सालमा स्थापना भएको यस अन्नपूर्ण महिला समुहले आफ्ना गतिविधिहरु मार्फत एकातिर समाजमा व्याप्त रहेका विभिन्न सामाजिक विकृतिहरुको अन्त्य गर्न सफल भएको देखिन्छ भने स्वयम् आफ्ना सदस्य महिलाहरुको सशक्तिकरण प्रक्रियामा निकै अग्रगामी भूमिका खेलेको पाइन्छ ।

### ६.७ महिला समुहका सामाजिक क्रियाकलापहरुले पारेको प्रभाव

समाज परिवर्तन र आफ्नो समुहका सदस्य महिलाहरुको सशक्तिकरणमा महिला समुहका गतिविधिहरुले निकै प्रभावकारी भूमिका खेलेका पाइन्छ । निरन्तर रुपमा महिला समुहका गतिविधिहरुका साथै अन्य सामाजिक र विकास निर्माणका कामहरुमा समेत जुट्नु पर्दा आवद्ध महिलाहरु बोल्ने कला र देश विदेशका समसामयिक विषयहरुका बारेमा आफ्नो दखल बढाउनु पर्ने अवस्थाको सिर्जना हुन गएको पाइयो । जसको कारण उनीहरु देश विदेशका समाचारहरु प्रति चासो राख्ने, टेलिभिजन, रेडियोबाट प्रसारित समाचारहरुमा रुचि राख्ने प्रकृति बढ्दै गइरहेको पाइन्छ ।

**तलिका ६.४**

**अन्नपूर्ण महिला समुहका सामाजिक क्रियाकलापहरु**

| क्र.सं | क्रियाकलाप | समय |
|---|---|---|
| १. | महिला समुहको नियमित वैठक | हरेक महिनाको अन्तिम शनिवार |
| २. | महिला समुहको वचत र ऋण सम्बन्धि कारोवार | हरेक महिनाको १५ गते |
| ३. | टोल, पाटी, धारा आदि सार्वजनिक स्थानहरुका सरसफाई | हरेक महिनाको अन्तिम शनिवार |
| ४. | नकुहिने फोहोर जस्तै प्लाष्टिकको संकलन | हरेक महिनाको १ गते |
| ५ | नियमित स्वास्थ्य परिक्षण | हरेक महिनाको मासिक रकम वचत गर्ने दिन |
| ६ | चडपर्व, मेला, ऱ्यालीको अवसर आदिमा टोलको महिलाहरुको सहभागीता | हरेक वर्ष चाडपर्वमा र निमन्त्रणाको आधारमा |

स्रोत : अध्ययन सर्वेक्षण, २०७७

माथीको तालिकाको अध्ययन गर्दा यस अन्नपूर्ण महिला समुहको नियमित बैठक हरेक महिनाको अन्तिम शनिबार बस्ने गरेको पाईयो । त्यसैगरी यस समुहको बचत र ऋण

सम्बन्धि कारोबार भने हरेक महिनाको १५ गते हुने गरेको पाईयो । त्यस्तै टोल, पानी, धारा आदि सार्वजनिक स्थानहरुका सरसफाई भने नियमित बैठक सकेर हरेक महिनाको अन्तिम शनिबार गर्ने गरेको पाईयो । नकुहिने फोहोर जस्तै प्लाष्टिकको संकलन भने हरेक महिनाको १ गते गर्ने गरेको पाईयो । नियमित स्वास्थ्य परिक्षण हरेक महिनाको मासिक बचत संकलन गर्ने दिन गरेको पाईयो । चडपर्व, मेला, ऱ्यालीको अवसर आदिमा टोलको महिलाहरुको सहभागीता भने हरेक वर्ष चाडपर्वमा र निमन्त्रणाको आधारमा गर्ने गरेको पाईयो ।

# अध्याय - सात

# निश्कर्ष तथा अध्ययनबाट प्राप्त मुख्य तथ्यहरु

## ७.१ निश्कर्ष तथा अध्ययनबाट प्राप्त प्रमुख तथ्यहरु

धरान उपमहानगरपालिका स्थित वडा नं ६ मा पर्ने अन्नपूर्ण महिला समुहमा सरकारी तथा गैरसरकारी निजी संस्था आदिले प्रभावकारी भूमिका खेल्दै आइरहेको छ र महिला समुहहरुले स्थानिय तहसम्मै सवै महिलाहरुलाई सुसंगठित गर्दै आइरहेको परिपेक्ष्यमा यो अध्ययन निम्न विशिष्ट उद्देश्यहरु पुरा गर्नका लागि थियो ।

(क) महिलाहरुको सामाजिक, आर्थिक, पारिवारिक वर्तमान स्थिती पत्ता लगाउने ।

(ख) अन्नपूर्ण महिला समुहको स्थापनाको कारण र महिला जागरणको स्थिती पत्ता लगाउने ।

(ग) अन्नपूर्ण महिला समुहको सामाजिक क्रियाकलापहरु र त्यसको प्रभावको बारेमा पत्ता लगाउने ।

मुख्यतया यो शैक्षिक उद्देश्य पुरा गर्नका लागि सिमित जनशक्ति बजेट समयमा गरिएको अध्ययन हो । यसले मुलत महिला जागरण र सशक्तिकरणमा प्रभाव पार्ने तत्वहरु, महिला समुहको स्थापनाका कारणहरु, महिला समुहमा आवद्ध महिलाहरुको पारिवारिक, व्यक्तिगत र आर्थिक पक्षलाई विश्लेषण गरेको छ भने महिला समुहको गतिविधि क्रियाकलापबाट महिलाहरुमा आएका परिवर्तन र महिला आत्मनिर्भर हुँदै गइरहेको, समाजमा विशेष गरि पुरुषहरुबाट पनि विस्तारै महिला समुहको भूमिका र महत्वबारे ज्ञान हुदै आइरहेको र महिला समुहप्रति सकारात्मक धारणा भएको आदि पक्षहरुमा अध्ययन केन्द्रित रहेको छ ।

यो अध्ययन वर्णनात्मक र अन्वेषणात्मक अनुसन्धान ढाँचा अपनाइएको छ । यो अध्ययनमा मुख्य उत्तरदाताहरुलाई अन्तर्वाताको लागि दिइएका प्रश्नावलीको आधारमा संख्यात्मक तथा गुणात्मक दुवै खालको तथ्याङ्कहरुको प्रयोग गरिएको छ । यसका लागि समुहगत छलफल तथा मुख्य सूचनादाताको अन्तरवार्ता जस्ता विधिहरुको समेत प्रयोग गरिएको छ । अधिकांश प्राथमिक तथ्याङ्कहरुको प्रयोग गरिएको भएता पनि आवश्यकता अनुसार केही द्धितिय तथ्याङ्कहरुको समेत प्रयोग गरिएको छ । यो महिला समुहको स्थापनाका कारणहरु र यसले

समाजमा पारेको प्रभावहरुको विश्लेषणबाट यस सम्बन्धमा निम्न तथ्यहरु पत्ता लगाउन सकिन्छ ।

(१) महिलाहरु मात्र घरायसी कामकाजमा सिमित थिए र आफु आत्म निर्भर हुन खोजिरहेको अवस्थामा अन्नपूर्ण महिलाको स्थापनाले यहाँका महिलाहरु संगठित र जागरण तर्फ उन्मुख हुन थाले । महिलाहरु समुहको मार्फत घरयासी खर्चलाई वचत गरि मासिक रुपमा केही रकम वचत गर्ने र आवश्यकता परेका अवस्थामा समेत लिने र आयमुलक कामहरुको थालनी गरी आत्मनिर्भरता तर्फ अगाडी बढ्न थालेका छन् ।

(२) यो महिला समुहका गतिविधिहरुको फलस्वरुप महिलाहरुले आफ्नो हक, हित, अधिकार र कर्तव्य वोध हुँदै आइरहेको स्थिति छ भने विभिन्न सामाजिक क्रियाकलापहरुमा, गतिविधिहरुमा वोल्नुपर्ने, आफ्नो धारणा राख्नु पर्ने आदिले गर्दा महिलाहरुमा आत्मवल र छिटोछिरितो स्वभाव हुने गरेका जस्ता सकारात्मक लक्ष्यणहरु देखा परेका छन् । महिलाहरु सामाजिक रुपमा भेला हुने, सामुहिक रुपमा कुनै विषयसँग सम्वन्धित आफ्नो विचार राख्ने जस्ता नियमित कार्यक्रमबाट आपसी मेलमिलाप र महिला एकतामा ठुलो टेवा पुऱ्याएको छ । यो महिला समुह गतिविधिले समुहमा आवद्ध महिलाहरुको वचत गर्ने बानी बसाल्नुका साथै श्रम सापटी समेत प्राप्त गरी आर्थिक आर्जनका काममा महत्वपूर्ण सफलता प्राप्त गरेको पाइन्छ । महिला समुहले महिला जागरण, सशक्तिकरण ठुलो भूमिका खेल्दै आइरहेको छ ।

(३) वर्तमान समय भनेको पुरुष र महिला समान रुपमा अघि बढ्नु पर्ने समय हो तर नेपालमा अझै पनि महिला जागरण र सशक्तिकरणको इतिहासलाई पल्टाउँदा अझै पनि ग्रामिण भेगका महिलाहरु सामाजिक, आर्थिक रुपमा पछि नै छन् र महिला जागरण अभियान रुपमा अघि सार्नु जरुरी छ । यस अध्ययनबाट महिला समुहहरुको उचित कार्य सम्बन्धि जानकारी हुनुको साथै त्यस्ता समुहहरुको महत्व कतिको छ भन्ने थाहा हुन्छ ।

## सन्दर्भ सामाग्रीहरु


अयार्ल, भोजेन्द्र (२०६८), *लैङ्गिक र महिलावादी अध्ययन (Gender and Feminish Studies)*, ज्ञानकुञ्ज प्रकाशन

आचार्य, बलराम (२०७१), *लैङ्गिक र महिलावादी अध्ययन*, काठमाण्डौं, नेशनल वुक सेन्टर भोटाहिटी

आचार्य, मिना, (१९९७), *लैङ्गिक समानता र महिला सशक्तिकरण*, काठमाण्डौं ।

चौलागाई, तिलक प्रसाद, नानीराम पोखेल र केशव प्रसाद सापकोटा (२०६०), *लैङ्गिक अध्ययन : समाजशास्त्रीय विश्लेषण*, किर्तिपुर काठमाण्डौं, न्यू हिरा बुक्स इन्टरप्राइजेज ।

चालु पन्ध्रौं योजना, (२०७५-२०७६, २०८०-२०८१)

धरान उपमहानगरपालिका वडा नं ६ को तथ्याङ्क विवरण

मंगोलियन, सिमा, *www.samacharkarmi.com* (१ ज्येष्ठ २०७५)

महिला सशक्तिकरण कार्यक्रम संचालन निर्देशिका, २०७६/०७७

नगरपालिका प्रोफाइल (२०६६), धरान उपमहानगरपालिका प्रोफाइल, धरान

Adhikari, B. (2004), *Micro-Credit Movement in Nepal*, Nepal Rastra Bank Samachar pp 46-49, Kathmandu, Nepal Rastra Bank.

Bhasin, Kamala, (2018) , *What is Patriarchy?*

Gurung, G.M. (1994), *Indigeneous People : Mobilize and Change,* Kathmandu.

Luitel, Yubraj (2006), *Gendered analysis of women's subor dination.*

Mishra, Mira. (2009), *Violence against women's situation and polices analysis in Koiralomaleds.* Hamro Sansar

# अनुसूची

## अनुसन्धानको क्रममा घरधुरी सर्वेक्षण गर्दा प्रयोग गरिने प्रश्नावलीहरु

महिला जागरण र सशक्तिकरण महिला समुहको भुमिका (अन्नपूर्ण महिला समुह धरान उपमहानगरपालिका वडा नं ६ को एक अध्ययन)

नाम.......................................न.पा/गा.पा......................वडा नं...........................

जिल्ला.................................प्रदेश.................................

१. पारिवारिक विवरण

| सि.नं | नाम | घरधुरीसंगको नाता | लिङ्ग | उमेर | वैवाहिक स्थिति | धर्म | परिवारको किसिम |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

२. तपाईको जमिनको स्वामित्व कस्को नाममा रहेको छ ?

(क) श्रीमान (ख) सासुससुरा

(ग) श्रीमती (घ) अन्य

३. तपाईको मुख्य पेशा वा व्यवसाय के हो ?

(क) नोकरी (ख) कृर्षी

(ग) व्यवसाय (घ) अन्य

४. तपाई अन्नपूर्ण महिला समुह स्थापना हँदा देखि नै आवद्ध हुनुहुन्छ ?

(क) छु (ख) छैन

५. अन्नपूर्ण महिला समुहको स्थापना हुनुको कारण के थियो होला ?

(क) महिला जागरण र सशक्तिकरणको लागि

(ख) महिला वचत तथा ऋणको लागि

(ग) अरु महिला समुहहरु बनेर

(घ) अन्य

६. संस्था स्थापनाकालमा के टोलका पुरुषहरुले महिलाहरु संगठित गर्न सहयोग र प्रेरणा गरेको थियो ?

(क) थियो (ख) थिएनन्

७. यो महिला समुहका कस्ता कस्ता सामाजिक कामहरुमा तपाई सहभागी गर्नुहुन्छ ?

(क) टोल विकास र सरसफाइको काम

(ख) सामाजिक समस्या समाधान

(ग) महिला आयआर्जनका काम

(घ) जनस्वास्थ्य सम्बन्धि कार्यक्रम

(ङ) चाडपर्व तथा मेलामा सहभागी

(च) माथीका सबै

८. तपाई महिला समुहका गतिविधिहरु प्रति कस्तो धारणा राख्नुहुन्छ ?

(क) सकारात्मक

(ख) नकारात्मक

(ग) ठिकै

९. तपाई महिला समुहमा आवद्ध भएपछि आफ्नो कस्तो हैसियत भएको महसुस गर्नुहुन्छ ?

(क) जस्ताको तस्तै (ख) राम्रो हुदै आएको

(ग) धेरै राम्रो भएको (घ) झनै बिग्रिएको

१०. तपाईहरुको समिति गठन भएपछि समाजमा महिला सशक्तिकरणका लागि कस्ता खालका परिवर्तनहरु भएको महसुस गर्नुभएको छ ?

(क) महिला साक्षरताको अवसर

(ख) स्वास्थ्य र सरसफाईमा वृद्धि

(ग) सामाजिक विकृतिको अन्त

(घ) नियमित स्वास्थ्य परीक्षण

(ङ) आयआर्जनको मौका

(च) नेतृत्वको विकास

(छ) समाजमा शन्ति कायम

(ज) अन्य

११. भविष्यमा यस महिला समुहले अरु के गरोस् भन्ने चाहनुहुन्छ ?

..........................................................................

१२. महिला समुहको भावी योजनाबारे तपाईलाई केही भन्नु छ ?

..........................................................................

१३. तपाईलाई केही थप भन्नु छ भने कृपया उल्लेख गर्नुहोला ?

.......................................................................

१४. तपाईले समुहमा वचत गर्नुहुन्छ ?

(क) छ (ख) छैन

१५. तपाई मासिक कति रकम वचत गर्नुहुन्छ ?

.........................................................................

१६. तपाईले ऋण लिनु भएको छ ?

(क) छ (ख) छैन

१७. तपाईले यदि लिनुभएको छ भने किन ऋण लिनुभयो ?

(क) घरायसी खर्चको लागि

(ख) बालबच्चाको पढाइको लागि

(ग) व्यापार व्यवसायको लागि

(घ) घरेलु आय आर्जन कामको लागि

१८. तपाईले कस्तो किसिमको व्यापार गर्नुभएको छ ?

(क) किराना पसल (ख) सिलाइ पसल

(ग) खाजा घर (घ) कस्मेटिक पसल

(ङ) हस्तकलाको काम (च) अन्य

१९. व्यापारबाट बचत हुन्छ कि हुदैन ?

(क) हुन्छ (ख) हुँदैन

२०. बचत रकम तपाईको आवश्यकता पुरा गर्न प्रयाप्त छ कि छैन ?

(क) छ

(ख) छैन

(ग) थोरै हुन्छ

२१. घरको काममा तपाईको परिवारका सदस्यहरुले पनि सहयोग गर्छन कि गदैनन् ?

(क) गर्छन (ख) गर्दैनन्

२२. महिला समुहका नियमित बैठकहरु र भेलामा सहभागी हुने गर्नुहुन्छ ?

(क) गर्छु (ख) गर्दिन

२३. गर्ने भए संस्थामा नीतिनियम, कार्यक्रम बनाउने कुरामा सरसल्लाह र सुझाव दिने गर्नुहुन्छ ?

(क) गर्छु (ख) गर्दिन

२४. कस्ता सामाजिक कार्यक्रमहरुमा तपाई सहभागी हुने गर्नुहुन्छ ?

(क) टोल सरसफाइ कार्यक्रम

(ख) टोल विकास र निर्माणका कामहरु

(ग) वृक्षारोपण र वन संरक्षण काममा

(घ) अन्य

२५. छुवाछुत, वोक्सी लगायत अन्धविश्वास प्रति तपाई विश्वास गर्नुहुन्छ ?

(क) गर्छु (ख) गर्दिन (ग) थाहा छैन

२६. महिला समुहबाट कस्ता सामाजिक कार्यक्रम हुन्छ ?

(क) जनचतना (ख) स्वाभलम्बी सम्बन्धि कार्यक्रम

(ग) स्वास्थ्य सम्वन्धि कार्यक्रम (घ) माथिका सबै

२७. घरायसी कुराहरुको निर्णयमा तपाईको भूमिका कस्तो रहन्छ ?

(क) सक्रिय (ख) निस्क्रिय (ग) मध्यम

२८. निस्क्रिय सहभागिता हुने भए किन ?

(क) श्रीमानले निर्णय गर्ने भएकोले

(ख) आफ्नो कुरा लागु नहुने भएकोले

(ग) निर्णय गर्न सक्षम नभएकाले

२९. आफुले पनि निर्णय लिनुपर्दछ र आफ्नो सामाजिक र घरयासी दुवै प्रक्रियामा सहभागी हुने वानीको विकास कहिले देखी भएको हो ?

(क) पहिल्यैबाट

(ख) महिला समुहमा आवद्ध भएपछि

३०. महिला समाजमा कहिलेकाँही थिचोमिचो र अन्यायमा पर्दा तपाई आवाज निकाल्नुहुन्छ ?

(क) गर्छु (ख) गर्दिन